नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

‘विकासका चाहना पूरा गर्ने माओवादीको ध्यान’



समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक ३२ | २०८१ साल मंसिर २६ गते बुधवार | Wednesday 11, December 2024 | सूर्योदयः बिहान ६:४४ बजे | सूर्यास्तः साँझ ५:१३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# अयोध्यामा जन्तीको भव्य स्वागत



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
अवधका राजाका चार छोरा विवाह गरेर बेहुलीसहित रविवार राति अयोध्या फर्किएका छन् । विद्या कुण्डमा रात्रि विश्राम गरेपछि चार विवाहित जोडीको नगर भ्रमण शुरु भएको थियो । त्रेतायुगमा भगवान् श्रीराम आफ्ना दाजुभाइहरूसँगै फर्केर आएजस्तो दृश्य विवाहपञ्चमीको झलकमा देखिएको थियो ।
अयोध्याबासीले नवविवाहितलाई शुभ कलशले ठूलो उत्साहका साथ स्वागत र अभिनन्दन गरेका थिए । महिलाले बधाईसहित शुभ गीत गाएका थिए । बाजा बजाएर साकेत विद्यालयबाट शुरु भएको नगर भ्रमणमा नाचगान र हर्षोल्लासले भरिएको थियो । पूरै बाटो फूलका थुप्रोले सुगन्धित र सुन्दर बनेको थियो । तीर्थक्षेत्रका तर्फबाट श्री रामलला मन्दिरको मूल द्वारमा ट्रस्टी अनिल मिश्र, शैलेन्द्र शुक्लालगायतका पदाधिकारीले सम्पूर्ण व्यवस्था गरेका थिए । धेरै ठाउँमा सुन्दर रंगोली सजाइएको थियो । यसबाहेक हनुमानगढी र छोटी देवकाली अगाडिदेखि वीणा चोकसम्म नाचगान गाउने भीडले सडकलाई फूलको वर्षाले रंगिइरहेको थियो । उत्साहमा घरबाहिर अयोध्यावासीको सम्पूर्ण भीड खुसीसाथ नाचगानमा सरिक थियो ।
विश्व हिन्दू परिषद्का केन्द्रीय मन्त्री राजेन्द्रसिंह पंकजको समन्वयमा तिलकोत्सव र विवाह समारोहको कार्यक्रम आफ्नै दाजुभाइ र छोराले बेहुलीलाई घरमा ल्याएका हुन् । दशरथको भूमिका श्री रामजन्मभूमि तीर्थ क्षेत्रका महासचिव चम्पत रायले निभाएका थिए । नगर भ्रमणको अन्त्यमा, कारसेवक पुरमको भरतकुटीमा चार दाजुभाइ र श्रीमतीको रूपमा उचित अनुष्ठानका साथ आरती गरिएको थियो ।

# रवि लामिछानेसँग पाँच घण्टा बयान
# भूइँमा सुते, औषधी पनि खाएनन्



**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारी ठगी मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेको वीरगंजमा बयान भएको छ । मंगलबार सरकारी वकिलको कार्यालयमा लामिछानेको बयान बिहान ९ बजेबाटै शुरु भएको थियो र करिब ५ घण्टा बयान लिइएको थियो । लामिछानेको बयान एकै दिनमा सकिएको हो । लामिछानेको बयान सकिए पनि उनलाई पर्सा प्रहरीकै हिरासतमा राखिएको छ । बुधबार उनलाई पोखरा पठाइनेछ । लामिछानेलाई काठमाडौं हुदै पोखरा पठाइने पर्साका प्रहरी उपरीक्षक कुमोद ढुंगेलले जानकारी दिए ।
सहकारी ठगी मुद्दामै वीरगंज ल्याइएका पूर्वडिआइजी छविलाल बन्जाडे जोशी र रामबहादुर खनालको बयान सकिएको छ र दुवैलाई पोखरा पठाइसकिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक किशोर लम्सालका अनुसार जोशी र खनाललाई सिमरा–काठमाडौ उडानबाट काठमाडौ हुँदै पोखरा पठाइएको हो । रविको बयानपछि उनलाई पनि सिमराबाट काठमाडौ हुँदै पोखरा पठाउने तयारी छ ।
वीरगंज महानगरपालिका–६, आदर्शनगरमा सञ्चालित सानो पाइला बचत तथा ऋण सहकारी संस्थाबाट अवैध तवरले गोर्खा मिडिया नेटवर्कमा ८ करोड ५८ लाख ४४ हजार रुपैयाँ प्रवाह गरिएको मुद्दामा उनीहरूमाथि अनुसन्धान भइरहेको हो । जिल्ला सरकारी वकिल कार्यालयका मुख्य न्यायाधीवक्ता भोलानाथ निरौलाले सभापति लामिछानेसँग करिब ५ घण्टा बयान लिइएको जानकारी दिए । उनले अब लामिछानेसँग लिखित बयान हुने जानकारी दिए । लामिछानेसहित १४ जनामाथि अनुसन्धान गर्न पर्सा जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएको छ ।

**खाटमा सुतेनन्, औषधी खाएनन्**

पर्सा प्रहरी हिरासतमा बसेका रवि लामिछाने भूइँमै सुतेका छन् । उनलाई प्रहरीको भिआइपी आउँदा बस्ने कोठामा राखिएको थियो । लामिछाने खाटमा सुत्न मानेनन् । उनी भूइँमा सामान्य विच्छ्यौनामा रात काट्न तयार भए । यसै गरी उनलाई उच्च रक्तचाप देखिए पनि उनले कुनै औषधी लिएनन् । हिरासतमा लामिछानेमाथि दुव्र्यवहार भएको लगायतका विषय प्रवाह भएपछि पर्सा प्रहरीले लामिछानेले यस्तो कुनै गुनासो नगरुन् भनेर चासो दिएको थियो । तर प्रहरी स्रोतका अनुसार, पर्सा आइपुगेका लामिछाने सामान्य भूइँकै बिच्छ्यौनामा बास बसेर फर्किएका छन् ।

**समर्थकको प्रदर्शन**

रास्वपा सभापति रवि लामिछानेको समर्थनमा वीरगंजमा प्रदर्शन गरिएको छ । सहकारी ठगी प्रकरणमा नभई राजनीतिक प्रतिसोधले रविलाई फसाइएको भन्दै उनीहरुले रिहाइको मागसहित प्रदर्शन गरेका छन् । वीरगंजको क्लासिक ब्यांक्वेटबाट निकालिएको ऱ्यालीसहितको जुलुशमा ‘रवि लामिछानेलाई रिहाइ गर, राजनीतिक प्रतिशोध साँध्र पाइदैन’लगायतका नारा लगाउदै उनीहरुले नगर परिक्रमा गरे ।
रवि लामिछानेलाई वीरगंज ल्याइएपछि वीरगंजको सुरक्षा व्यवस्था कडा पारिएको थियो । चोकचोकमा प्रहरीलाई तैनाथ गरिएको छ । लामिछानेका समर्थकले नारा जुलुश निकाल्ने आँकलन गरेर सुरक्षा व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

**अनुसन्धान अन्तिम चरणमा**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने जोडिएको सहकारी ठगी प्रकरणको अनुसन्धान प्रहरीले अन्तिम चरणमा पुऱ्याएको छ । वीरगंजको सानो पाइला बचत तथा ऋण सहकारी संस्थामा बचकर्ताको रकम हिनामिना गरेको प्रकरणमा लामिछानेको मंगलबार बयान सकिएपछि बुधबार जिल्ला प्रहरी कार्यालय, कास्की लगिनेछ ।
केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) का प्रमुख दीपक थापाका अनुसार, सबैतिर बयान सकिएसँगै प्रहरीले लामिछाने जोडिएको संगठित अपराध, सहकारी ठगी र सम्पत्ति शुद्धीकरणको अनुसन्धान लगभग अन्तिम चरणतिर पुऱ्याएको हो । ‘९० दिनभित्र अनुसन्धान प्रतिवेदन अदालतमा पठाउनुपर्ने स्थिति छ, तोकिएकै अवधिमा प्रतिवेदन बुझाइसक्ने गरी प्रहरीले काम गरिरहेको छ,’ थापाले भने । रास्वपा सभापति लामिछाने ५४ दिनदेखि प्रहरी हिरासतमा छन् । यस्तै मुद्दामा एक महिनाअघि पूर्वडिआइजी छविलाल जोशी पक्राउ परेकाले म्याद मिलान हुँदा यथाशिघ्र अनुसन्धान प्रतिवेदन बुझाउनुपर्ने बाध्यता पनि छ । जोशी असोज गते पक्राउ परेका थिए ।

**सहकारीका चेक बरामद**

जिल्ला प्रहरी कार्यालय, कास्कीले पनि लामिछानेमाथिको अनुसन्धान लगभग अन्तिम चरणमा पुगेको जनाएको छ । सहकारीको रकम गोर्खा मिडिया नेटवर्कमा लगेर जथाभावी खर्च गरेको देखिएको र यसको रकम तिर्ने कार्यमा लामिछाने सरिक भएको भन्दै उनी ठगीमा संलग्न रहेको पुष्टि हुने निष्कर्षसहित प्रहरीले प्रतिवेदन बुझाउन लागेको छ । प्रहरीले अनुसन्धानक्रममा लामिछानेले विभिन्न सहकारीलाई ऋण तिर्न काटेको चेक पनि बरामद गरेको छ । यसलाई लामिछाने सहकारी ठगीमा संलग्न बलियो प्रमाणका रुपमा प्रहरीले पेश गर्ने तयारी गरेको छ । प्रहरीका अनुसार, गोर्खा मिडिया र सुप्रिम सहकारीमाथि अनुसन्धानक्रममा लामिछानेले काटेको चेक फेला परेपछि उनलाई चेकको प्रतिलिपि देखाएरै सोधपुछ गरिएको थियो ।
पोखराको सूर्यदर्शन सहकारीबाट शुरु भएको लामिछानेमाथिको अनुसन्धान काठमाडौको स्वर्णलक्ष्मी सहकारी, चितवनको सहारा चितवन र वीरगंजको सानो पाइला सहकारी र रुपन्देहीको सुप्रिम बचत सहकारी पनि जोडिएको हो । काठमाडौको स्वर्णलक्ष्मी सहकारीबाट लामिछाने र जिबी राईका नाममा दुई पटक गरेर गाडी खरिद गर्न ४६–४६ लाख रुपैयाँ ऋण प्रवाह गरिएको अनुसन्धानमा भेटिएको छ ।
पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, काठमाडौको स्वर्णलक्ष्मी सहकारी संस्था, सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था, वीरगंजको सानो पाइला बचत तथा ऋण सहकारी संस्था र नेपालगंजको समानता सहकारी (कुमार रम्तेल सचिव रहेको) बाट २२ करोड ४६ लाख ३० हजार रुपैयाँ गोर्खा मिडिया नेटवर्कमा गएको पाइएको छ ।

# चालक निदाउँदा दुर्घटना ८ जनाको मृत्यु



**सञ्जय मिश्रा**
**रौतहट ।**
बाराको बरियारपुरस्थित विश्वप्रसिद्ध गढीमाई मन्दिरमा दर्शन गरेर फकिरहेको स्कर्पियो दुर्घटना हुँदा चालकसहित ८ जनाको मृत्यु भएको छ । गाडीमा सवार अन्य ५ जना घाइते भएका छन् । पूर्व पश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिकास्थित धन्सार–लमाहा खोलानजिकै सोमबार मध्यराति दर्शनार्थी चढेको बा१६च ३१६२ नम्बरको स्कर्पियो दुर्घटना हुँदा चालकसहित ८ जनाको मृत्यु भएको हो ।
पञ्चवर्षीय गढीमाई मेला दर्शन गरी सिरहा फर्किरहेको स्कर्पियो अनियन्त्रित भई बाटोबाट तल दाहिने साइडको रुखमा ठोक्किएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रपुरका प्रमुख इन्स्पेक्टर लोकेन्द्र अधिकारीले बताए । दुर्घटनामा सिरहा, अर्नामा गाउँपालिका वडा नम्बर ३ का चालक श्रीकुमार यादव, दर्शनार्थी स्थानीय ६० वर्षीया लरुवती देवी महरा, ३० वर्षीया उर्मिला महरा, ५० वर्षीया रामकुमारी महरा, ५५ वर्षीया महगीं देवी महरा, ६२ वर्षीया फुलमन्ती देवी महरा, ६० वर्षीया रामकुमारी देवी महरा, ३० वर्षीया सकुन्तला देवी महरा रहेको इलाका प्रहरी कार्यालय चन्द्रपुरका प्रमुख डिएसपी राजकुमार राईले बताए । मृतकमध्ये चालकबाहेक सबै दलित, चमार समुदायका हुन् ।
३० वर्षीया राधा महरा, २ वर्षीय आर्यन महरा, २५ वर्षीया देव कुमारी महरा, ७ वर्षीय ऋतिक महरा र ६० वर्षीया कन्या देवी महरा घाइते भएका छन् । चन्द्रपुरमा सामान्य उपचारपछि उनीहरुलाई बयोधा अस्पताल वीरगंज पठाइएको प्रहरीले जनाएको छ । स्कर्पियो दुर्घटना चालक निदाएका कारण भएको प्रारम्भिक अनुसन्धानमा खुलेको तथा घटनासम्बन्धी थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रपुरले जनाएको छ ।
दुईदिन लगातार गढीमाई मेलामा जाग्राम बसेका चालक यादव सोमबार राति ११ बजे दर्शनार्थी बोकेर घर फर्किने क्रममा साढे १२ बजे दुर्घटनामा परेका हुन् । दुर्घटनाको समय गाडीमा सवार सबै यात्रु निदाएको तथा क्षमता भन्दा बढी १३ जना रहेकाले ठूलो क्षती भएको प्रहरीको अनुमान छ ।

# शहरमा किन खुम्चियो एमाले ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेको सचिवालय बैठकमा स्थानीय तह उपनिर्वाचनबारे छलफल भएको छ । बैठकले शहरी जनमतसँग पार्टी जोड्न नसकेको निष्कर्ष पनि निकालेको छ । मंगलबार बसेको एमाले सचिवालय बैठकमा उपनिर्वाचनबारे भएको समीक्षामा एमाले यस्तो निष्कर्षमा पुगेको हो ।
उपनिर्वाचन भएका ४२ मध्ये पार्टीबाट जितेका ७ वडा सबै फिर्ता नगरे पनि अध्यक्ष र उपाध्यक्षसहित ८ पदमा जित निकालेकामा उपलब्धीका रूपमा लिएको उपमहासचिव प्रदीप ज्ञवालीले बताए । ‘उपनिर्वाचनबाट थप उपलब्धि हासिल गरेको छ । जितेका ७ रिक्त भएकामा समग्रमा आठ स्थानमा जितेको छ तर समग्र परिणामलाई गम्भीर रूपमा लिएका छौँ,’ ज्ञवालीले भने, ‘कीर्तिपुर र काठमाडौ महानगरपालिका–१६ मा अपेक्षाअनुरूप परिणाम नआएकामा गम्भीर हुनुपर्ने निष्कर्ष निकालेका छौँ ।’ उनले कीर्तिपुर र काठमाडौ महानगर १६ मा भएको हारलाई शहरी जनमतसँग पार्टी जोड्नुपर्ने निष्कर्ष निकालेको बताए । एमालेले आफ्नो मात्र नभएर सबैको हकमा जनमत परिवर्तन भएको देखिएको र त्यसलाई गम्भीर रूपले लिँदै जनप्रतिनिधिहरूले जनताको मत जित्न सक्नुपर्ने ठहर गरेको छ ।
त्यसैगरी, एमालेले मंसिर १७ देखि २० गतेसम्म भएको एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण र भ्रमणमा भएको बिआरआई फ्रेमवर्क सहमतिलाई सरकारको सफलताका रुपमा लिएको छ ।



# एकीकृत समाजवादीके स्थायी कमिटी बैसार बुधदिनसँ




**काठमाण्डू ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) इएह अगहन २६ आ २७ गते केन्द्रीय कार्यालयमे स्थायी कमिटी बैसार आह्वान केलक अइछ ।
पार्टीक देशभैरक साङ्गठनिक गतिविधि, जिला तथा प्रदेशक अधिवेशन, स्थानीय तहक उपनिर्वाचनक समीक्षा, देशक समसामयिक राजनीतिक विषयवस्तु, नेतासभके कार्यविभाजन तथा संरचनामे फेरबदलसम्बन्धी निर्णय लेबाक लेल बैसार बजाएल गेल उपमहासचिव तथा केन्द्रीय कार्यालय सचिव रामकुमार भट्टराई जानकारी देलैन ।
वितल अखारमे दशम राष्ट्रिय महाधिवेशन सम्पन्न कएल पार्टी एखनधैर नेतासभके जिमेवारीमे परिवर्तन तथा कार्यविभाजनअन्तर्गत विभिन्न विभागीय प्रमुख, जिला इन्चार्ज, आयोग तथा जनसङ्गठन इन्चार्ज निर्धारण नै केने अइछ । पार्टी संरचनामे कार्यविभाजन लेल पार्टी अध्यक्ष माधवकुमार नेपालक नेतृत्वमे गठित कार्यदलसँ निर्यण भेल नामावली बैसारमे अनुमोदन होबाक जनाकारी देल गेल अइछ ।
रासस

# जनताक विकाशक इच्छा पूरा करबामे माओवादीके धीयान केन्द्रितः दाहाल

**चितवन ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)क अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' जनताक विकाशक इच्छा कोना पूरा कएल जा सकै छै ? ताहिदिस अपन पार्टीक धीयान केन्द्रित भेल बतौलैन अइछ ।
आइ एत पत्रकारसङ बात करैत ओ माओवादी केन्द्रक धीयान सरकार परिवर्तनदिस नै भ जनताक विकाशके आकाङ्क्षा कोना पूरा कएल जा सकै छै ? ताहिदिस केन्द्रित रहल बतौलैन ।
ओ कहलैन, "हमरासभके धीयान सरकारदिस नै छै। हमर धीयान जनतादिस छै । जनताकँ परिचालनदिस छै । सरकारक काजके खबरदारी करैत रहब ।"
फरक प्रसङ्गमे ओ चिनियाँ विकाश परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) नेपालके हितमे रहल बतौलैन । चीन आ अमेरिका एखनके मुख्य प्रतिस्पर्धीक रुपमे रहलासँ दूटा



रणनीति आएलापर एक दोसरके विषयमे जागरूक रहब स्वाभाविक भेल ओ बतौलैन । इन्डो प्यासेफिक स्ट्राटिजी (आइपिएस) आ बिआरआईके सन्दर्भमे अध्यक्ष दाहाल एना टिप्पणी केलैथ । रासस

# माघमे धरानमे 'बिजनेस एक्स्पो' हएत



**धरान ।**
धरानमे आर्थिक गतिविधिकँ प्रोत्साहन करबाक उद्देश्य स आगामी माघमे १४ दिनक 'बिजनेस एक्स्पो' आयोजन होबाक नियार अइछ । नेपाल उद्योग व्यवसायी महासङ्घ धरान उपमहानगर समितिद्वारा स्थानीय रङ्गशालामे माघ २६ सँ फागुन १० गतेधैर एक्स्पो आयोजन करबाक निर्णय भेल महासङ्घक अध्यक्ष शिवराज श्रेष्ठ बतौलैन ।एक्स्पोमे घरायसी, मझौला तथा पैघ उद्योगके उत्पादन, स्थानीय कृषि उपज, तैयारी पोसाक, रत्न तथा आभूषण, जुत्ताचप्पल, साजसज्जाके सामग्री, खाना महोत्सव, पुष्प व्यापार, कृषि औजार, विद्युतीय उपकरण, औद्योगिक प्रदर्शनी समावेश करबाक सङे सामग्री खरिद बिक्री सेहो हएत । सङे प्याराग्लाइडिङ, ~याफ्टिङ, साइक्लिङ, साहसिक तथा रोमाञ्चक खेल सेहो प्रस्तुत कएल जाएत । एक्पोमे तीन सओ ५० प्रदर्शनी कक्ष राखल जाएत । रासस

# राष्ट्रियसभा प्रतिनिधिसभाद्वारा १३ गोलसँ पराजित

**काठमाण्डू ।**
सङ्घीय संसद्के १८ हम् स्थापना दिवसके अवसरमे आइ एत आयोजित मैत्रीपूर्ण फुटसल प्रतियोगितामे प्रतिनिधिसभा विजयी भेल अइछ । भृकुटीमण्डपस्थित फुटसल मैदानमे भेल खेलमे प्रतिनिधिसभा शून्यकाविरुद्ध १३ गोल स राष्ट्रिय सभाकँ पराजित केलक अइछ ।
प्रतियोगितामे सबसँ बेसी प्रतिनिधिसभा सदस्य मोहन आचार्य पाँच गोल केलैन । तहिना तारा लामा तीन, माधव सापकोटा आ सुहाङ नेम्वाङ समान दू आ मनिष झा एक गोल केलैन ।
प्रतियोगिताक पहिल हाफमे प्रतिनिधिसभा नौ गोलके अन्तर स आगू छल । दोसर हाफमे आओर चाइर गोल केलाक बाद प्रतिनिधिसभाके टीम १३ गोल अन्तर स विजयी भेल ।
प्रतिनिधिसभा टिमके नेतृत्व सभामुख देवराज घिमिरे आ राष्ट्रियसभा टिमके नेतृत्व अध्यक्ष नारायण प्रसाद दाहाल केलैन । प्रतिनिधिसभाके टिममे उपसभामुख इन्दिरा राना तथा सांसदसभ मोहन आचार्य, माधव सापकोटा, मनिष झा, निशा डाँगी, बिना लामा, तारा लामा तामाङ, सुहाङ नेम्वाङलगायत छलैथ । राष्ट्रियसभा टिममे उपाध्यक्ष विमला घिमिरे, सांसदसभ घनश्याम रिजाल, विष्णु कुमारी सापकोटा, पदम बहादुर परियार, भगवती न्यौपाने, तुलसाकुमारी दाहाल, गोपीबहादुर सार्की अछामी, नरबहादुर विष्टलगायत सांसदसभ छलैथ । संसद् सेवा दिवस अगहन २८ गते विभिन्न कार्यक्रम क मनाएल जा रहल अइछ । रासस

# एनपिएल क्रिकेटः लुम्बिनी लायन्सके जीत

**काठमाण्डू ।**
नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गतक खेलमे लुम्बिनी लायन्स चितवन राइनोजकँ पराजित करैत विजयी भेल अइछ ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमे आइ भेल खेलमे कप्तान रोहितकुमार पौडेलके 'अलराउण्ड' प्रदर्शनमे लुम्बिनी लायन्स चितवन राइनोजकँ ३३ रनसँ पराजित करैत विजयी भेल अइछ । प्रतियोगितामे लुम्बिनीको ई पहिल जीत छी ।
लुम्बिनीक एक सओ ६८ रनकँ लक्ष्यके जवाफमे चितवन निर्धारित २० ओभरमे आठ विकेटक क्षतिमे एक सओ ३४ रनमे सिमित भेल ।चितवनका लेल ल्युक बेनकेनस्टन सर्वाधिक ३१ रन बनेलैथ । तहिना, कप्तान कुशल मल्ल १७ बलमे एक चौका आ एक छक्काक सहयोगमे २० रन



जोडलैन ।
तहिना, रवि बोपारा १६ बलमे १२ रन बनेलैन । लुम्बिनीक लेल कप्तान पौडेल चाइर विकेट लेलैन तँ रामोन सिमोण्डस दू तथा साद विन जाफर आ अभिषेक गौतम समान एक–एक विकेट लेलैन ।
अइसँ पहिने टस हाइर क ब्याटिङ केने लुम्बिनी निर्धारित २० ओभरमे छ विकेटक क्षतिमे एक सओ ६७ रन बनेलक । लुम्बिनीक लेल कप्तान रोहित सर्वाधिक ८० रन, साद बिन जफर ३५ बलमे अविजित ५२ रन, अर्जुन साउद १५ आ टोम मुर्स १० रन बनेलैन ।
चितवनक लेल रिजन ढकाल तीन तथा कप्तान कुशल मल्ल आ रञ्जित कुमार समान एक विकेट लेलैन । पहिल जीतसँ लुम्बिनी अङ्क तालिकाके पाँचम् स्थानमे पहुँचल अइछ । अइसँ पहिने लुम्बिनी विराटनगर किंग्स, पोखरा एभेन्जर्स, सुदुरपश्चिम रोयल्स आ जनकपुर बोल्ट्ससङ पराजित भेल छल ।
चितवन पाँच खेलमे तीन जीत आ दू हारसहित तेसर स्थानमे अइछ ।
चितवन शीर्ष स्थानमे जेबाक अवसरसँ चुइक गेल अइछ ।
शुरूआती दू खेल जीतल चितवन तेसर खेलमे पराजित भेल छल । काठमाण्डू आ पोखराकँ पराजित कएल चितवन कर्णालीसँ हारल छल। चितवन सुदुरपश्चिम रोयल्सकँ पराजित केने छल । शतप्रतिशत जीतके सङ जनकपुर बोल्ट्स शीर्ष स्थानमे अइछ । रासस

# रौतहटमे जिप दुर्घटनामे आठ व्यक्तिके मृत्यु, पाँच घायल

**रौतहट ।**
बारामे गढीमाईक दर्शन क सिराहा आइब रहल बा १६ च ३१६२ नम्बरके जिप रौतहटमे दुर्घटना भेलासँ आठ गोटेक मृत्यु भेल अइछ । पाँच गोटे घायल भेल छैथ । बारामे गढीमाईक दर्शन क घुइम रहल जिप दुर्घटनामे पड़ल अइछ ।पूर्वपश्चिम राजमार्गअन्तर्गत रौतहटके लमाहामे वितल राइत जीप दुर्घटना भेल इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरक प्रहरी नायब उपरीक्षक राजकुमार राई जानकारी देलैन । जीप अनियन्त्रित भ गाछमे ठोकाएल छल । दुर्घटनामे सिरहाक अर्नाहाके नगरपालिका–३ बंठिया टोलक राम कुमारी देवी महरा, राम कुमारी महरा, सकुन्तला देवी महरा, उर्मिला महरा, लरुवती देवी महरा, महगी देवी महरा, फुलमन्ती देवी चमार आ चालक श्रीकुमार यादवके मृत्यु भेल प्रहरी नायब उपरिक्षक राई जानकारी देलैन । मृतकसभके चन्द्रनिगाहपुर अस्पतालमे सनाखत कएल गेल अइछ ।
दुर्घटनामे घायल भेल राधा राम, आर्यन राम, देवकुमारी महरा, रितिक महरा आ कन्यादेबी महराकँ इलाजके लेल पर्साक वीरगञ्ज पठाएल गेल प्रहरी जनौलक अइछ । रासस

# ठण्ढासँ जनजीवन प्रभावित

**महोत्तरी ।**
लगातार चारूदिस कुहेश लगलाक बाद महोत्तरीसहितक मधेशमे जाढ़ बढल अइछ । अगहन अन्तिम सप्ताहमे मौसम ठण्ढाइत गेलासँ अइ ठाँमक जनजीवन कष्टकर बनैत गेल अइछ । धमाधम खेतीपाती करैबला समयमे मौसम ठण्ढाइत गेलासँ काज करैमे दिक्कत भेलासँ किसानसभ चिन्तित भेल छैथ ।
'गहुँ बुनबाक लेल अन्तिम तैयारी कर पड़ैत छै, आब उइख कटानके काज धमाधम कर पड़त, मुदा एहन समय घरसँ बहार कोना जाएब ?', कहैत बर्दिबास–१३ क ठकाइ महतो पुससँ पहिने ठण्ढासँ हातटांग कठुवा क कोनो काज कएल नै भ रहलासँ चिन्तित छैथ ।
महोत्तरीसहितक मधेशमे धुइन आ ठण्ढाक कहर छै । पुस पहिल सप्ताहबाद धुइन, कुहेश बढैत छलै, किछ सालसँ मध्य अगहनेसँ कुहेश बइढ़ रहल जलेश्वर–५ क ७५ वर्षीय किसान रहिमन मण्डल बतौलैन ।
अगहनेमे ठण्ढा बढ़लासँ घरपालुवा पशुवस्तुके बिजोग छै । पशुवस्तुके आहाराके व्यवस्था आ चरबाही नै भेलासँ बिजोग भेल अइछ । भङ्गाहा–४ रामनगरक हीरादेवी दाहाल अनचोके बढ़ल ठण्ढासँ पशुवस्तु बेमार होबाक क्रम बढ़ल बतौलैन ।
जाढ़सँ धीयापूता, वृद्धवृद्धा, गर्भवती आ परसौती महिला बेसी प्रभावित छथिन । खास क श्वासप्रश्वासक बेमारकँ ई मौसम असर कएलासँ हुनकासभकँ बेसी धीयान देबाक लेल बर्दिबास अस्पतालक मेडिकल सुपरिटेन्डेन्ट डा सुदीप ठाकुर बतौलैन । रासस



# मधेश प्रदेशमा सबैभन्दा बढी महिला हिंसा

*प्रहरीको अभिलेखमा सबैभन्दा बढी हिंसा हुने प्रदेशमा मधेश (३१.५३ प्रतिशत) छ भने कम हिंसा हुनेमा गण्डकी (३.६८ प्रतिशत) रहेको छ । लुम्बिनीमा १६ दशमलव ८८, काठमाडौं उपत्यकामा १४ दशमलव ४३, कोशीमा ११ दशमलव १५, बागमतीमा आठ दशमलव ८७, सुदुरपश्चिममा सात दशमलव ५५ र कर्णाली प्रदेशमा पाँच दशमलव ८६ प्रतिशत हिंसाका घटना अभिलेख भएको पाइयो । महिला आयोगमा भने बागमती प्रदेश (११.३२ प्रतिशत), फेडोको तथ्याङ्कमा लुम्बिनी प्रदेशमा (३४.९३ प्रतिशत) मा बढी हिंसाका घटना अभिलेखन भएका छन् ।*

–टिकाराम सुनार

यस वर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान मङ्गलबार सम्पन्न हुँदैछ । यसबीचमा सरकारी र गैरसरकारी सङ्घसंस्थाले 'हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ विविध कार्यक्रम गरी यस अभियानमा ऐक्यबद्धता जनाएका छन् । योबीचमा औपचारिक वा अनौपचारिक कार्यक्रम मात्रै होइन नेपालमा हिंसाको स्थितिबारे थुप्रै अध्ययन प्रतिवेदनसमेत प्रकाशन गरिएका छन् । त्यसमध्ये दलित महिला सङ्घ (फेडो) सँगको सहकार्यमा पङ्क्तिकारले पनि यसै अभियानलाई लक्षित गरी 'जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसासम्बन्धी अध्ययन' गरेको थियो । यो र अन्य निकायका प्रतिवेदन हेर्दा महिलामाथि हुने हिंसाको 'मूल कारक' नै परिवार रहेको थाहा हुन्छ ।

अध्ययनमा आर्थिक वर्ष २०८०–८१ र चालु आर्थिक वर्षका पछिल्ला तीन महिनामा देशभर भएका महिला तथा बालिकामाथिका हिंसाका अभिलेखको विश्लेषण गरिएको छ । यसका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गरी तीनवटा संवैधानिक निकाय, नेपाल प्रहरी र महिला अधिकारका क्षेत्रमा क्रियाशील छवटा सङ्घसंस्थाका अभिलेख (दस्तावेज समीक्षा) को विश्लेषण गरिएको छ । यसैगरी, काठमाडौँसहित सबै प्रदेशको प्रतिनिधित्व हुनेगरी गोरखापत्र दैनिक, कान्तिपुर दैनिक र अनलाइनखबर डटकमसहित १० वटा सञ्चारमाध्यममा प्रकाशित चार सय ५९ विषयवस्तुको विश्लेषण गरिएको थियो ।

### तथ्यले यस्तो भन्छ

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा जातीय तथा लैङ्गिक आधारमा हुने हिंसाका लागि थुप्रै प्रतिवद्धता जनाएको छ । सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धिहरू, मानवअधिकारको विश्वव्यापी घोषणापत्रलगायत दुई दर्जनभन्दा बढी सन्धि महासन्धिमा हस्ताक्षर गरी नेपालले सोअनुसारको दायित्व पूरा गर्ने अठोट गरेको देखिन्छ । सोहीअनुसार संविधानसभामार्फत निर्मित नेपालको संविधान (२०७२) ले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तअनुरूप विभेद्रहित, समृद्ध र न्यायपूर्ण समाज निर्माणको आधार तय गरेको छ ।







संविधानको प्रस्तावनामा नै 'वर्गीय, जातीय, क्षेत्री, भाषिक, धार्मिक, लैङ्गिक विभेद् र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' भनेर सङ्कल्प गरिएको छ । यसलाई कार्यान्वयन गर्न थुप्रै राज्य संयन्त्रहरू क्रियाशील छन् भने त्यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि सहकार्य गरिरहेकै छन । तथ्यले भने यी प्रयासहरू परिणाममुखी र प्रभावकारी हुन नसकेको देखाउँछन् ।

नेपाल सरकारकै अभिलेख (नेपाल प्रहरी) मा गत आर्थिक वर्ष र चालु आवका पछिल्ला दुई महिना गरी २४ हजारभन्दा बढी हिंसाका घटना भएका छन् । यसबाट ८० प्रतिशतभन्दा बढी महिला र करिब ११ प्रतिशतभन्दा बढी बालिका पीडित भएकी छन् । यसभित्र पनि सबैभन्दा बढी ३३ दशमलव ६५ प्रतिशत मधेशी महिला र ३४ दशमलव ७१ प्रतिशत जनजाति बालिकाले विभिन्न प्रकारका हिंसाको सामना गर्नुपरेको देखियो । यस्तै आदिवासी जनजाति महिला २२ दशमलव ३२ प्रतिशत, क्षेत्री समुदायका महिला १६ दशमलव ५८ र बालिका १९ दशमलव ८७, मधेशी बालिका १५ दशमलव ६२, दलित महिला ११ दशमलव ५४ र बालिका १९ दशमलव ४४ तथा अन्यतर्फ ११ दशमलव ११ महिला र ३ दशमलव ८५ प्रतिशत बालिका हिंसामा परेको देखियो । यसमा घरेलु हिंसाबाट ८९ दशमलव ४७ प्रतिशत महिला पीडित भएकी छन् । यस्तै घरेलु हिंसाका कारण कर्तव्य ज्यान (हत्या÷मृत्यु) भएका ८९ मध्ये महिला ६९, पुरुष १४, बालिका दुई र बालक चार जना छन् । बलात्कारका कारण दुई हजार नौ सय २६ महिला तथा बालिका बलात्कृत भएकी छन् । यसमा महिला (एक हजार ८६) भन्दा बालिका ( एक हजार आठ सय ३९) बढी छन् । यस्तैे बाल यौन दुरुपयोगमा पनि ९९ दशमलव १७ प्रतिशत बालिका (चार सय ७९) नै छन् ।

महिला तथा बालिकाहरू सबैभन्दा बढी घरेलु हिंसाबाट प्रताडित हुने गरेको सबैजसो निकायको अभिलेखमा देखियो । नेपाल प्रहरीको विवरणअनुसार हिंसा हुने क्षेत्रमा घरेलु हिंसा (८२.२३ प्रतिशत), बलात्कार (१२.१६ प्रतिशत), बलात्कारको प्रयास (२.१२ प्रतिशत), बाल यौन दुरुपयोग (दुई प्रतिशत), त्यसपछि क्रमशः घरेलु हिंसाका कारण कर्तव्य ज्यान, अपहरण गरी बलात्कार, बालविवाह, जातीय छुवाछुत, बोक्सीको आरोपलगायत छन् । बालिकाले बढी हिंसा भोग्ने क्षेत्रमा बलात्कार (६२.८५ प्रतिशत), अपहरण गरी बलात्कारका ६४ घटनामा ५६ बालिका (८७.५ प्रतिशत), बलात्कार गरी हत्यामा ५ मा ४, मानव बेचबिखन गरी बलात्कारमा (८५ प्रतिशत), बाल यौन दुरुपयोगमा (९९ प्रतिशत) रहेका छन् ।

राष्ट्रिय मानव अधिकारमा अभिलेखन भएका कुल २६८ घटनामध्ये २९ दशमलव १०, राष्ट्रिय महिला आयोगमा ९३२ मध्ये ५२, फेडोमा २५९ घटनामध्ये ३९.७६, महिला पुनःस्थापना केन्द्र (ओरेक) नेपालमा १३९७ मध्ये ६५ र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मा अभिलेखन भएका नौ हजार १४२ घटनामध्ये ६९ प्रतिशत ८८ प्रतिशत घटना घरेलु हिंसा तथा महिला हिंसासँग सम्बन्धित छन् ।

दलित महिला तथा बालिकामाथि हुने हिंसाको कुरा गर्दा नेपाल प्रहरीको विवरणमा हिंसापीडित दलित महिलाको कुल सङ्ख्या ११ दशमलव ५४ प्रतिशत (२,२२१) छ । हिंसापीडित दलित समुदायका बालिकाको सङ्ख्या १९ दशमलव ४४ प्रतिशत छ । राष्ट्रिय महिला आयोगमा अभिलेख भएका घटनामध्ये ११ दशमलव ३४ प्रतिशत दलित महिलासँग सम्बन्धित छन् । राष्ट्रिय दलित आयोगमा दर्ता भएका ५८ घटनामध्ये ४६ दशमलव ५५ प्रतिशत घटना महिलामाथि हुने हिंसासँग सम्बन्धित छन् । ओरेक नेपालको अभिलेखअनुसार त हिंसापीडित महिलामा दलित महिलाको सङ्ख्या २७ प्रतिशत छ । इन्सेकको अभिलेखमा पनि दोस्रो बढी हिंसामा पर्ने महिलामा दलित छन् । अभिलेखमा सबैभन्दा बढी २६ प्रतिशत आदिवासी जनजाति महिला हिंसामा पर्दा दलित महिला २२ दशमलव ५८ प्रतिशत पीडित भएकी छन् । अन्य निकायको अभिलेखमा पनि करिब यस्तै अवस्था देखिन्छ । जनसङ्ख्याको हिसाबले दलित महिला अत्यधिक हिंसामा पर्ने गरेको तथ्याङ्कले देखाउँछ । यस्तै प्रहरीको अभिलेखमा सबैभन्दा बढी हिंसा हुने प्रदेशमा मधेश (३१.५३ प्रतिशत) छ भने कम हिंसा हुनेमा गण्डकी (३.६८ प्रतिशत) रहेको छ । लुम्बिनीमा १६ दशमलव ८८, काठमाडौँ उपत्यकामा १४ दशमलव ४३, कोशीमा ११ दशमलव १५, बागमतीमा आठ दशमलव ८७, सुदूरपश्चिममा सात दशमलव ५५ र कर्णाली प्रदेशमा पाँच दशमलव ८६ प्रतिशत हिंसाका घटना अभिलेख भएको पाइयो । महिला आयोगमा भने बागमती प्रदेश (९१.३२ प्रतिशत), फेडोको तथ्याङ्कमा लुम्बिनी प्रदेशमा (३४.९३ प्रतिशत) मा बढी हिंसाका घटना अभिलेखन भएका छन् ।

### मिडिया औपचारिकतामै सीमित

समाजमा जघन्य अपराध भइरहँदा मिडिया भने सामान्य औपचारिक तथा भाषणजन्य विषयमै रुमल्लिरहेका देखिन्छन् । अध्ययनमा अघिल्लो वर्ष महिला हिंसाविरुद्धको १६ दिने अभियानलाई लक्षित गरी १० वटा सञ्चारमाध्यमका ४५९ विषयवस्तुको विश्लेषण गरिएको थियो । तीमध्ये महिला तथा बालबालिकाका समस्या र सफलतासँग जोडिएका विषयवस्तु ३७ र जानकारीमूलक तथा भाषणजन्य विषय १८ प्रतिशत छन् । यी दुवैको प्रकृति उस्तै भएकाले करिब ५५ प्रतिशत विषय औपचारिक घटनाक्रम र गतिविधिमा आधारित रहेका पाइयो । यसबाहेक, घरेलु हिंसाजन्य गतिविधिका २०, विभेद तथा जातीय विषय ११, हत्या, मृत्यु, पक्राउजन्य विषय नौ, मानव बेचबिखन तथा पक्राउ तीन र बलात्कार, बलात्कार प्रयास तथा पक्राउसँग सम्बन्धित २ प्रतिशत समाचारहरू प्रकाशन भएका देखिए ।

## सरोकारवालाको चिन्ता

सबैजसो अध्ययनले महिला हिंसाको मूलस्रोत नै परिवार हो भन्ने देखाएपछि सरोकार भएकाहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् । राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली अधिकांश महिला र बालिका घरमै सुरक्षित नहुने अवस्थाले सबैलाई गिज्याइरहेको बताउँछिन् । उनले हिंसा शक्ति, सामथ्र्य, संरचनागत व्यवस्था र पितृसत्तात्मक सोचको उपज भएकाले हरेक व्यक्ति यसका विरुद्ध जागरुक हुनुपर्ने धारणा राख्छिन् । 'हिंसा संरचनात्मक सांस्कृतिक विभेद्सँग जोडिएको छ । यसबाट कुनै समुदाय र क्षेत्रका महिला तथा बालिका अलग छैनन् । अभिलेखमा आउने, उजुरी गर्ने भनेको त कुनै पनि हिसाबले घटना दबाउन नसकेपछि मात्रै हो । महिलाले हिंसाको प्रतिकार गर्नु भनेको घर छोड्नु हो, घर छोडेपछि कहाँ जाने भन्ने डरले धेरै घटना बाहिर आउँदैनन् । अब हिंसाको मूल स्रोतका रूपमा रहेको परिवारलक्षित गतिविधिमा जोड दिनुपर्ने देखियो,' अध्यक्ष पराजुली भन्छिन् ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा हिंसा न्यूनीकरणका लागि थुप्रै प्रयास भए पनि सामाजिक र पारिवारिक रूपमा जकडिएर रहेको गलत सोच र संस्कारले समस्या सिर्जना गरिरहेको बताउँछन् । यसका लागि अब हिंसाको अवस्था विश्लेषण गरी सबैले मर्यादित र सम्मापूर्वक बाँच्न पाउने अधिकारको रक्षाका लागि काम गर्नुपर्ने उनको सुझाव छ । 'आमनागरिकको सुरक्षाको प्रमुख दायित्व भएको सरकार र सरकारी निकायको भएकाले यसमा सबैलाई समेटेर सरकारले नेतृत्वदायी भूमिका निर्वाह गरी हिंसा न्यूनीकरणका कदमलाई प्रभावकारी बनाउनुपर्छ,' अध्यक्ष विश्वकर्माको भनाइ छ ।

वरिष्ठ अधिवक्ता मिरा ढुङ्गाना विभिन्न अध्ययनले देखाएका हिंसासम्बन्धी तथ्य र निष्कर्षअनुसार सबै निकायले आफ्नो दायित्व पूरा गर्नुपर्नेमा जोड दिन्छिन् । पछिल्लो समय वैवाहिक बलात्कार, बालिकामाथि बलात्कार र कार्यस्थलमा हुने हिंसाका सम्बन्धमा पनि आवश्यक अध्ययन गरी सोअनुसार क्रियाकलाप सञ्चालन गर्न उनको आग्रह छ । अध्ययनका क्रममा ओरेक नेपालका अध्यक्ष सविता पोखरेल भन्छिन्, 'सामाजिक रूपमा रहेको संरचनागत विभेदकारी दृष्टिकोण नफेरिँदा महिलाहरू प्रताडित हुनुपरिरहेको छ । नागरिक तहमा रहेको पितृसत्तात्मक सोच र व्यवहारले हिंसाका घटना बढिरहेकाले तिनको न्यूनीकरणका लागि व्यक्ति र परिवारलाई लक्षित गरी बृहत् अभियान सञ्चालन गरिनुपर्छ ।'

फेडोका संस्थापक दुर्गा शोव नेपालमा सबैभन्दा बढी कुन समुदाय र क्षेत्रका महिला हिंसामा पर्छन् भनेर अहिले पनि व्यवस्थित अध्ययन हुन नसकेकाले हस्तक्षेपकारी कदम चाल्न नसकिएको बताउँछन् । 'अध्ययनले महिलामा मधेशी, बालिकामा जनजाति, क्षेत्रगत हिसाबले मधेश र थोरै जनसङ्ख्या भएर पनि धेरै हिंसामा पर्ने भनेर दलित महिला तथा बालिकालाई देखाउँछ । हरेलु हिंसाबाट धेरै पीडित भइरहेको अध्ययनले देखाउँछन् तर तथ्य एकातिर, समस्या सम्बोधनका लागि हुने क्रियाकलाप अर्कैतिर केन्द्रित भइरहेका छन्,' उनी भन्छन्, 'यसो हुँदा समस्या कायमै छ । अब समस्या र आवश्यकतालाई सम्बोधन गर्ने गरी नीति, रणनीति, बजेट र कार्यक्रम तय गर्नुप¥यो ।'

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मीना पौडेल पनि अब एकीकृत रूपमा सबैजसो अध्ययनले औँल्याएका समस्या सम्बोधनका लागि सरकारले काम गर्नुपर्ने र त्यसमा आफ्नो मन्त्रालयले आवश्यक कार्यक्रम अगाडि बढाउने बताउँछन् । नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँले आवाजविहीनको आवाज भनिएको सञ्चाल क्षेत्रले महिला तथा बालिका हिंसाका मुद्दालाई औपचारिकतामा सीमित नराखी विधागत पत्रकारिताको महत्वपूर्ण पक्ष बनाउनुपर्ने बताउँछन् । 'विधागत पत्रकारिताको अभ्यास नहुँदा मिडियाका धेरैजसो विषयवस्तु घटनामा आधारित छन् । अब सञ्चारगृह आफैँ र अन्य सरोकारवाला निकायसमेतको सहकार्यमा समावेशी विषयवस्तुको उठानका लागि लगानी बढाउनुपर्छ ।'

सञ्चारविज्ञ डा कुन्दन अर्याल पछिल्लो समय हिंसा गर्ने र प्रमाण नष्ट गर्नका लागि ज्यानलिने प्रवृत्ति निकै डरलाग्दो गरी बढिरहेकामा चिन्ता व्यक्त गर्छन् । त्यसैले दण्डहिनता अन्त्य गरी सबैका लागि सुरक्षित वातावरण निर्माण गर्न तीनै तहका सरकार र सबै सरोकार भएका निकाय गम्भीर भएर अगाडि बढ्नुपर्ने उनको भनाइ छ । रासस



निरीक्षणः महोत्तरीका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) लालबाबु कवारी मङ्गलबार भूमि सुधार तथा मालपोत कार्यालय जलेश्वरको निरीक्षण गर्दै । तस्बिरः सञ्जीतकुमार मण्डल

## सम्पादकीय

# सवारी दुर्घटना र सर्वसाधारणको क्षति

बारा, बरियारपुरस्थित विश्वप्रसिद्ध गढीमाई मन्दिरमा दर्शन गरेर फर्किरहेका भक्तजनले दुर्घटनामा ज्यान गुमाएका छन्। उनीहरु सवार स्कर्पियो रौतहटको राजमार्गमा दुर्घटना हुँदा चालकसहित ८ जनाको मृत्यु भएको हो। गाडीमा सवार ५ जना घाइते भएका छन् । पूर्वपश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिकास्थित धन्सार–लमाहा खोलाको नजिकै सोमबार मध्यराति दर्शनार्थी चढेको बा१६च ३१६२ नम्बरको स्कर्पियो दुर्घटना भएको हो । उनीहरु पञ्चवर्षीय गढीमाई मेला दर्शन गरी सिरहा फर्किरहेका थिए । एकाएक स्कर्पियो अनियन्त्रित भई बाटोबाट तल दाहिने साइडको रुखमा ठोकिएर दुर्घटना भएको हो। सिरहाको अर्नामा गाउँपालिका वडा नम्बर ३ का चालक श्रीकुमार यादव, दर्शनार्थीहरु स्थानीय ६० वर्षीया लरुवती देवी महरा, ३० वर्षीया उर्मिला महरा, ५० वर्षीया रामकुमारी महरा, ५५ वर्षीया महगी देवी महरा, ६२ वर्षीया फुलमन्ती देवी महरा, ६० वर्षीया रामकुमारी देवी महरा, ३० वर्षीया सकुन्तला देवी महराको दुर्घटनामा ज्यान गएको छ । इलाका प्रहरी कार्यालय चन्द्रपुरका प्रमुख डिएसपी राजकुमार राईका अनुसार, मृतकमध्ये चालकबाहेक सबै दलित चमार समुदायका सदस्य हुन्। दुर्घटनामा स्थानीय उमेश महरापत्नी ३० वर्षीया राधा महरा, छोरा दुई वर्षीय आर्यन महरा, गणेश महरापत्नी २५ वर्षीया देव कुमारी महरा, ७ वर्षीया छोरा ऋतिक महरा, ६० वर्षीया कन्या देवी महरा घाइते भएका छन् । घाइतेको चन्द्रपुरस्थित अस्पतालमा सामान्य उपचारपछि बिहान सवा ४ बजे एम्बुलेन्सबाट बयोधा अस्पताल वीरगंज पठाइएको प्रहरीले जनाएको छ। स्कर्पियो दुर्घटना चालक निदाएका कारण भएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

दुई दिन लगातार गढीमाई मेलामा जाग्राम बसेका चालक यादव सोमबार राति ११ बजे दर्शनार्थी बोकेर घर फर्किने क्रममा राति साढे १२ बजे दुर्घटना भएको थियो। दुर्घटनाको समय गाडीमा सवार सबै यात्रु निदाएको तथा क्षमता भन्दा बढी १३ जना रहेकाले ठूलो क्षति भएको देखिन्छ। बाराको गढीमाई मेला दर्शन गर्न आउने क्रममा यति ठूलो मानवीय क्षति भएपछि यसले सबै झस्काएको छ। यो एउटा गम्भीर समस्या बनेको छ कि, हामी यात्रु पनि रातसाँझ यात्राका लागि तयार हुन्छौँ र यस्तो जोखिममा परेर सामुहिक कत्लेआमको सिकार हुन्छौँ। लामो दूरीका चालकहरु फेरिन छाडेका छन्। छोटो दूरीमा मौकामा पैसा कमाउने मोहमा चालकहरुले आफ्नो स्वास्थ्यको ख्याल नगर्दा यस्ता दुर्घटनाहरु हुने गरेका छन्। ता कि, चालकको स्वास्थ्य अवस्था कस्तो छ ? कति स्वस्थ छन् ? आराम गरेका छन् कि छैनन्, यस्ता विषय कहिल्यै पनि पनि हामी सचेत यात्रुका हिसाबले सोधीखोजी गर्दैनौँ। चालकलाई आरामको खाँचो छ कि, कतै विश्राम गरेर जाँदा यात्रा सुरक्षित हुन्छ कि भनेर सोध्दैनौँ। अर्कोतिर बरु जतिसकिन्छ चाँडो पुर्याउन दबाब दिइरहेका हुन्छौँ। यसरी हामी आफैँ पनि जोखिमको नजिक पुगेका हुन्छौँ। यही प्रवृत्ति पछिल्लो समय दोहोरिन थालेको छ। अब आफ्नो जोखिमपूर्ण जिन्दगीलाई व्यवस्थापन गर्न सकेनौँ भने अरु यस्ता दुर्घटनाको सिकार भइरहनेछौँ।

# पर्वतको उपयोगिता र मधेश



सञ्जय साह मित्र

पर्वत भन्नु पहाड हो। मधेशमा बासिन्दाले पर्वत शब्दको प्रयोग कम र पहाडको उपयोग बढी गर्ने गरेका छन् । यद्यपि कतिपयले नजिकको पर्वतलाई पहाड भन्ने गरेका छन् भने सोही पर्वत यदि टाढा छ भने त्यसलाई पर्वत भन्ने गरिएको पाइन्छ । अर्थात् नजिक हुँदा पहाड र टाढा हुँदा पर्वतको नाम दिइएको पनि पाइन्छ । नजिकलाई पर्वत र टाढालाई पहाड भन्ने गरिएको कमै पाइन्छ। फेरि पनि दुइटैको अर्थमा कुनै भिन्नता छैन। जसलाई जसरी भन्न सजिलो हुन्छ, त्यसरी भनिरहेका छन्। कुनै सन्दर्भमा आउने हो, चर्चा वा प्रसंगमा आउँदाको समयमा चर्चा हुने हो अन्यथा मधेशको जनजीवनमा पर्वतको उपयोगिता धेरै हुन सकेको छैन। यसको मुख्य कारण गाउँसमाज र पर्वतको बिचमा वनको उपस्थिति रहनु हो।

पर्वत र बस्तीको बिचमा वन रहेकोले वनको उपयोगिता धेरै मानिसले बुझेका छन् तर पर्वतको उपयोगिताबारे अझै पनि सर्वसाधारणले धेरै बुझ्न बाँकी नै रहेको छ। पर्वतीय जीवनको बारेमा धेरै जिज्ञासा सर्वसाधारणमा रहेको छ । पर्वतमा मधेशको भन्दा बढी जाडो हुन्छ, हावापानी चिसो हुन्छ। गर्मीमा बढी अनुकूल हुन्छ तर जाडो महिनामा बस्न धेरै गाह्रो हुन्छ भन्नेसम्मको अनुमान छ। धेरै मानिस अझै पनि पहाडतिर जाडोकै कारणले जान मन पराउँदैनन् । जो पुगेका छन्, मधेशको तुलनामा धेरै क्षेत्रमा दुःख र समस्या छन् तर कोलाहल र शान्ति, प्रदूषण र स्वच्छ वातावरण तथा झमेला र सरलपनामा जहिले पनि मानवअनुकूल हुनुपर्ने दोस्रो नै पाएका छन् । यसले गर्दा पर्वतीय जनजीवनबारे मधेशको समाजमा धेरै सकारात्मक भाव र भावनाको विस्तार भएको यथार्थ हो तर अझै पनि पर्वत अर्थात् पहाडको उपयोगिताबारे सर्वसाधारणले धेरै कुरा बुझ्नलाई बाँकी नै रहेको छ।

पर्वतसित जमिन, जल र जंगल जोडिएको हुन्छ। हुन त पर्वत जमिनमै हुन्छ तर पर्वतले निकै टाढासम्मको जमिनलाई जोगाएको हुन्छ। पर्वतमा जदि जंगल छ भने त्यो धेरै दृष्टिकोणले राम्रो हो । जसरी चुरेभरि रुखैरुख देख्न सकिन्छ । चुरे पर्वत शृंखलाको शृंगार नै हरियो रुख हो। पर्वतले जललाई पनि जोगाएको हुन्छ। अधिकांश खोलानालाको स्रोत पर्वत नै हुने गर्दछ । मधेशमा बहने अधिकांश खोलानाकाको स्रोत पनि चुरे पर्वत र यसको उपजीव्यको रुपमा रहेको निकटस्थ जंगल हो । यसरी पर्वतको महत्व केवल दृश्यमा जे देखिन्छ त्यत्ति मात्र नभएर जमिनको पानी जोगाउनदेखि माटोलाई बचाउनसम्म नै रहेको स्पष्ट छ। हामी सबैले बुझेका छौँ, जल, जमिन र जंगलको मूल्य हाम्रो जीवनको लागि कति धेरै छ भनेर। पर्वतले समग्र पर्यावरणीय मूल्यलाई सम्हालेको हुन्छ। पर्यावरणको समग्र क्षेत्रसित पर्वतको सोझो सम्बन्ध रहेको छ । पर्यावरण जोगाउनको लागि पर्वतको मूल जीवनमाथिको हस्तक्षेप बन्द गरिनु पर्छ भन्ने मान्यता अगाडि आइरहेको छ।

पर्वतमाथि कसरी हस्तक्षेप भइरहेको छ त ? यसलाई चुरेमाथि कसरी हस्तक्षेप भइरहेको छ भनेर आफैँलाई प्रश्न गर्दा उत्तर थाहा हुन सक्छ। चुरेबाट वा चुरे हुँदै बहने नदीहरुबाट अनियन्त्रित मात्रामा गिटी, बालुवा तथा ढुंगा निकालिएका छन् । यसै गरी चुरे क्षेत्रका जंगलमाथि हस्तक्षेप बढेको छ । वनका रुखहरु काटिएका छन् ।जंगल तथा पर्वतको तल्लो भागदेखि माथिल्लो भागसम्म बस्तीहरु बसिरहेका छन्। यी सबै कारणले चुरेको मौलिक जीवनमा हस्तक्षेप भएको छ । प्रदूषण बढेको छ । यी कारणहरुले गर्दा चुरेको जग नै कमजोर भइरहेको भनिएको छ। अर्को भयंकर ठुलो पीडा चाहिँ डढेलोले निम्त्याउने गरेको छ। डढेलोको कारणले पनि वन्यजीवन तथा चुरेको जीवनमाथि हस्तक्षेप हुने गरेको छ। यी सबै कारणले, सबैलाई थाहा छ, चुरे अर्थात् मधेशको नजिकको पर्वत कमजोर भइरहेको छ।

चुरे पर्वत मधेशमा पनि पर्दछ। अहिलेसम्म जसरी हाम्रो सिमाना रहेको छ। यदि चुरेको श्रेणीसम्म पुग्ने हो भने बुझ्न सकिन्छ, माथि पहाडसम्म पनि यताकै बासिन्दा छन् । सामान्य मान्यता यो रहेको छ कि पहाडको माथिल्लो भागबाट पानी जता जान्छ, त्यहाँबाट सिमाना छुटिन्छ । यस दृष्टिकोणले चुरेको माथिल्लो भागसम्म पनि मधेश नै हो भन्ने कुरा बुझ्नुपर्छ । मधेशमा पहाड छैन भन्ने पनि होइन । भनिन्छ, मधेशको सबैभन्दा अग्लो ठाउँ चुरे पर्वत श्रेणीको सर्लाही खन्डमा रहेको छ । चुरेको शृंखलाले मधेशको हरेक जिल्लालाई छोएको छ । मधेशका सबै जिल्लाको उत्तरी क्षेत्रमा चुरे पर्वत श्रेणी रहेको छ । पूर्वदेखि पश्चिमतिर गएको चुरे पर्वत श्रेणीले मधेशलाई धेरै थोक दिएको छ। चुरे पर्वत श्रेणीको संरक्षण हामी सबैको कर्तव्य हो।

चुरेमाथिको निर्भरतालाई कम गरी चुरेमाथिको बोझलाई पनि कम गर्नु परेको छ । चुरेमाथि हस्तक्षेप बढ्दै जाँदा वातावरणमा गम्भीर असर परिरहेको छ । जमिनको पानीको सतहमा पनि व्यापक कमी आइरहेको छ। गर्मी महिनामा यसको प्रभावलाई सजिलै देख्न सकिन्छ । धेरै कलधाराहरु सुक्छन् ।अनि व्यापक गर्मी हुने गरेको छ । जाडोमा अत्यधिक जाडो भइरहेको छ । जमिनमा मरुभूमिकरणको प्रभाव देखिन थालेको पनि बताइन्छ । अहिलेको परिस्थिति र परिवेश यस्तो छ कि सर्वसाधारणले बुझिनसक्नु परिवर्तन भइरहेको छ । सबै चाहिँ चुरेमाथिकै हस्तक्षेप हो भन्ने चाहिँ होइन। पर्यावरण असन्तुलन निम्त्याउनमा अन्य धेरै कारक रहेका छन् । यातायातको साधन, सडक निर्माण, औद्योगिकीकरण लगायतका मुद्दाले विश्वव्यापी चर्चा पाइरहँदा चुरे र आसपासको भौतिक पर्यावरणको विषयमा पनि सम्वेदनशील हुनुपर्ने हो । जति सम्वेदनशील हामी चुरेको विषयमा हुनुपर्ने हो त्यत्ति हुनै नसकेको यथार्थ हो। यथार्थमा न त हामीले चुरेलाई चिन्न सकेका छौँ न त यसको उपयोगिता अर्थात् यसबाट हामीलाई भइरहेको फाइदाकै बारेमा।

चुरेलाई संरक्षण गर्न सक्यौँ भने यसलाई पर्या पर्यटनको दृष्टिकोणले उपयोग गर्दा अहिलेको भन्दा अझ बढी फाइदा लिने आधारहरु सिर्जना हुन सक्छन्। सोझो कुरो हो, मानिसहरु शान्ति चाहन्छन्, शीतल चाहन्छन्। प्रकृतिमा रमाउन चाहन्छन्। यी दृष्टिकोणले चुरे सबैभन्दा निकटको विकल्प हुन सक्छ, यदि यसलाई जोगाउन सक्यौँ भने । नुनथरमा हरेक वर्ष लाखौँ मानिस किन पुग्दछन् ? यदि चुरे क्षेत्रको सम्पूर्ण वातावरण वा परिवेशलाई जोगाउन सक्यौँ भने भविष्यमा नुनथरजस्ता अनेक ठाउँको विकास गर्न सक्छौँ र मधेशको अर्थतन्त्रमा यसले निकै ठुलो सकारात्मक प्रभाव पार्न सक्छ । चुरेले पनि मधेशको समृद्धिमा सकारात्मकता थप्न सक्छ भन्ने कुरालाई मधेशका अर्थविद् तथा नीति निर्माताहरुले विचार गर्नुपर्ने पक्ष देखिन्छ। चुरेको सौन्दर्यको सुरक्षा र यस क्षेत्रको वनस्पति, जीवजन्तुको संरक्षणले भविष्यमा धेरै फाइदा दिन सक्ने सम्भावना रहेको छ।

चुरेमा अनेक किसिमका वनस्पतिहरु छन्। यदि डढेलोबाट जोगाउने हो भने डढेलोले दिने कार्बनबाट हुने नोक्सानीबाट मात्र जोगिन्छौँ भन्ने होइन । चुरेका धेरै वनस्पतिहरु पनि जोगिन्छन्। वनस्पतिमा अनेक औषधीय गुणहरु पनि हुन्छन्। हो पहाडी वनस्पति धेरै लाभदायक हुन्छन् भन्ने आम धारणा रहेको छ । यदि यस क्षेत्रको संरक्षण गर्दै यस क्षेत्रमा रहेका वनस्पतिहरुको औषधीय वा आयुर्वेदिक दृष्टिकोणले अध्ययन गर्ने हो भने मधेशले कति धेरै फाइदा लिन सक्छ भन्ने अनुमान मात्र गर्न सक्छौँ। चुरे पर्वतमाला क्षेत्रमा अनेक जडीबुटीहरु छन् भन्ने कुरामा दुईमत छैन। अबको दिनमा यसबारे आधिकारिक अध्ययन पनि हुनु जरुरी छ जसले मधेशका वनस्पतिहरुको औषधीय गुणको बारेमा जानकारी देओस् र आगामी दिनमा यसले मधेशको आर्थिक समृद्धि तथा रोजगारीमा सकारात्मक प्रभाव पारोस्।

पर्वतसित हाम्रो निकटको सम्बन्ध छ । पर्वतको अन्य उपयोगिताबारे हामी त्यत्ति बेला बुझ्दछौँ जब यसको मौलिकतालाई जोगाउनको लागि पहल गर्दछौँ। यसको मौलिक स्वरुपमा हस्तक्षेप रोकेर यसका फाइदाबारे सरकारले पनि गम्भीर हुनु परेको छ । गिटी, बालुवा र ग्रावेल जथाभावी झिकेर यसलाई कमजोर बनाउने कार्य रोक्दै सम्भव भएसम्म यसको अस्तित्वलाई कहिल्यै कुनै खतरा नहुने गरी कार्यक्रम ल्याउनुपर्छ । यसप्रति सबैको अपनत्व अनुभव हुने तथा यसले हामीलाई धेरै थोक दिएको छ र अझ धेरै थोक दिन सक्छ भन्ने भावलाई जानकारीका साथ प्रस्तुत गर्नुपर्छ । चुरेबिनाको जीवन कस्तो होला ? यस किसिमले पनि कहिलेकाहीँ विमर्श गर्नु उचित छ । अहिले यसमाथि भइरहेको हस्तक्षेप रोकेर पर्वतको मौलिक जीवनलाई अझ व्यवस्थित गर्नु प्राथमिक काम हो। यसमाथि कुन कुन किसिमले हस्तक्षेप भइरहेको छ ? र, हस्तक्षेपका के कस्ता कारणहरु छन् ? अहिले विचार नगरे कहिले गर्ने त ?

# त्यस्तो दिन आउँदै छ, हामीले धेरै दुःख पाउनेछौँ



आशिस जोशी

हामी अचेल जलवायु परिवर्तनबारे धेरै सुनिरहेका छौँ। आजको युगको वातावरणीय समस्याको एउटा मात्र हिस्सा÷भाग हो जलवायु परिवर्तन । जलवायु परिवर्तनसँगै अरू थुप्रै समस्या मानवजातिले अहिले भोगिरहेका छन्। अझ कहालिलाग्दा दिन आउने अनुमान छ।

वायु प्रदूषण जलवायुसँगै जोडिएको समस्या हो । यससँगै जल प्रदूषण, माटो प्रदूषणका विषय छन्। प्लास्टिकका कारण पानी र माटो दुवैमा विकराल प्रदूषण छ । हामीकहाँ तुलनात्मक रूपमा कम भए पनि वन विनाशको समस्या संसारभर बढेकै छ । कृषिमा प्रयोग हुने विषादीका कारण जैविक विविधता नास भइरहेको छ।

पृथ्वीले थेग्न नसक्ने रूपमा मान्छेले गरिरहेको उपभोग या दोहन नै यी सबै समस्याका कारण हुन्। जुन परिमाणमा हामीले प्राकृतिक स्रोतसाधनको उपभोग गर्नुपर्ने हो, त्योभन्दा तीव्रदरमा गरिरहेका छौँ। स्रोतसाधन निकाल्न, प्रशोधन गर्न र उत्पादन गर्दा जसरी पनि प्रदूषण निस्कने नै भयो। अनेकन् सामग्री बनाउनदेखि खाद्य उत्पादन र प्याकेजिङका लागि समेत पनि जमिन र खानी खन्नुपर्छ। प्राप्त कच्चा पदार्थ प्रशोधन गर्नुपर्छ। मेटल र मिनरलका लागि वनजंगल काट्नेदेखि, पहाड खन्ने काम हुने गर्छ । यसरी पृथ्वीमा अनेक तरिकाबाट विध्वंस हुँदैछ।

सेकेन्ड ल थर्मडाइनामिक्सको कन्सिक्वेन्स (परिणाम) हो यो। जीवाश्म इन्धन (पेट्रोलियम तथा कोइला) बालेरै धेरै काम गरिन्छ। त्यस क्रममा कार्बनडाइअक्साइडलगायत हानिकारक ग्यास वायुमण्डलमा उत्सर्जन हुन्छ र यिनै कारण जलवायु परिवर्तनको समस्या बढेको बढ्यै छ।

हाम्रो आजको अर्थतन्त्र पुँजीवादी हो। प्राकृतिक स्रोतसाधनको दोहन गरेर, उत्पादनहरू बनाएर 'आर्थिक समृद्धि' हासिल हुन्छ। जति धेरै आर्थिक कारोबार, उति धेरै आर्थिक समृद्धि ! नीति बनाउने र प्रमुख निर्णय गर्ने तहमा बसेकाहरूले एकदमै संकुचित सोच÷दृष्टिले एकदुई वटा समस्यालाई 'आइसोलेटेडेड' तरिकाले हेर्ने अभ्यास÷चलनका कारण मनपरी उत्पादन र प्राकृतिक स्रोतको कहालीलाग्दो दोहन भएको हो।

प्राकृतिक स्रोतसाधनको अत्यधिक दोहन या कुनै पनि वस्तुको उपभोगको सीमा नाघ्नुलाई यहाँ 'इकोलोजिकल ओभरसुट' भनिन्छ।

प्रकृतिमा अनेक जनावर छन्। हामी मानव पनि जनावर नै हौँ । सबै जनावरले प्राकृतिक स्रोतसाधन उपयोग गरेर आफ्नो जीवन चलाइरहेका हुन्छन्। त्यसमा सन्तुलन कायम राख्नु आवश्यक हुन्छ। प्राणी जुन वातावरणमा बाँच्छ, त्यो वातावरणको पुनरुत्पादन (रिजनरेट) गर्न सक्ने क्षमता नाघ्दा 'ओभरसुट' हुन्छ । ओभरसुट भइसकेपछि त्यस पारिस्थितिक प्रणाली (इकोसिस्टम)को पहिलाकै अवस्थामा फर्कने (रिकभर) क्षमता नै घट्छ।

विश्व मानव समुदायको आजको 'इकोलोजिकल फुटप्रिन्ट' हेर्दा, तीन वटा पृथ्वीले उपलब्ध गराउने स्रोतसाधन हामीले उपभोग गरिराखेका छौँ। धान्ने तह (सस्टेनेबल लेबल) भन्दा तीन गुणा उपभोग भइरहेको छ पृथ्वीका स्रोतसाधनको । जलवायु प्रदूषण हुनुको कारण पनि प्राकृतिक स्रोतसाधनको अत्यधिक दोहन नै हो।

प्राकृतिक स्रोतसाधनको अत्यधिक दोहनलाई साथ दिएको चाहिँ जीवाश्म इन्धनले हो। यो इन्धन हुन्थेन भने अहिले हामीले भनिरहेको विकास सम्भव हुँदैनथ्यो। आधुनिक अर्थशास्त्र र आधुनिक विकाश अघि बढाउन धेरै ऊर्जा र स्रोतसाधन आवश्यक पर्छ÷परिरहेको छ। ती सबै ऊर्जा आखिर प्रकृतिबाटै प्राप्त हुने हो। निकट विगत दशक र शतकमा जीवाश्म इन्धनको अत्यधिक उपभोगले आजको, आधुनिक अर्थतन्त्र प्रणाली बनाउन सम्भव भएको हो । तर त्यसको परिणामचाहिँ कहालीलाग्दो रूपमा वातावरण विनाश हो।

इकोलोजिक ओभरसुटलाई अझ सजिलो गरी बुझ्न बैंक खाताको उदाहरण लिन सकिन्छ। बैंक खातामा हामी आफ्नो पैसा राख्छौँ, त्यसलाई बचत या मौज्दात भनिन्छ । मौज्दातबाट ब्याज आउँछ। हामीले मौज्दात नचलाईकन ब्याज मात्रै उपयोग गरिरह्यौँ भने हाम्रो निजी अर्थव्यवस्था दिगो हुन्छ, टिक्छ। तर अहिले के भइराखेको छ भने प्रकृतिले दिएको मौज्दातबाट निर्मित ब्याज खानुको साटो सिंगो मानव समुदायले मौज्दात नै उपभोग गरिराखेको छ। र, त्यो मौज्दात नियमित रूपमा घट्दो छ।

त्यसैले आगामी वर्ष र दशकको ठूलो समस्या जलवायु परिवर्तन र इकोलोजिक ओभरसुटसम्बन्धी नै हुन्। भयानक रूपमा हामीले यी समस्याहरू झेल्नुपर्ने देखिन्छ। वायु प्रदूषण त हामीले अहिले झेलिरहेका छौँ। काठमाडौँदेखि दिल्लीमा समेत त्यस्तै छ। वायु प्रदुषणसँगै, जलवायु परिवर्तनका कारण कृषि उत्पादन पनि आगामी दिनमा ह्वात्तै घट्ने दिन पनि आउनेवाला छ । समस्या यति ठूलो भइसकेको छ कि त्यसका परिणामहरूबाट भाग्न कठिन हुँदै गइरहेको छ।

सफा पानीका मूल÷स्रोतहरू घट्दै गएका छन्। काठमाडौँ उपत्यकादेखि तराईसम्मै जमिनमुनिको पानीको सतह ह्वात्तै घटेको छ। यी समस्याहरूसँग जुझ्न समस्याका मूल कारणमै हामी पुग्नुपर्छ।

आधुनिक सभ्यताले अपनाएको आर्थिक प्रणाली नै आजका समस्याको मूल कारण हो, जसलाई हामी आर्थिक वृद्धि भन्छौँ। प्रगति र विकास भनेकै सडक र भवनहरू निर्माणलाई बुझिरहेका छौँ। तर त्यो प्रतिमान÷विकासको मोडल नै समस्यायुक्त देखिएको छ । विगत एकदुई दशकदेखि एकदुई शतकयताको विकाशको मोडल नै वातावरणीयदेखि सामाजिक न्यायका दृष्टिले समस्यायुक्त छ । आधुनिक विकासका मोडलहरूलाई पुनः परीक्षण (रिएक्जामिन) गरेर यी समस्याको समाधान गर्नुपर्छ। आजको आर्थिक मोडलको विकल्प खोज्नुपर्छ।

विश्वव्यापी रूपमा एकदमै सम्पन्न र सम्भ्रान्तको स्वार्थ र चासो सम्बोधन हुने गरी शहरहरूको डिजाइन गर्ने गरिएको छ । काठमाडौँ उपत्यकाको सडक र बाटोघाटोको निर्माण हेर्दा पनि यो एकदमै निजी सवारी (कार) केन्द्रित छ। सबैको शहर हो भन्ने भुलेर खास वर्गका लागि शहर र सडकहरूको डिजाइन गरिनु समस्यापूर्ण छ।

अर्को, शहर आफैमा अरूप्रति निर्भर रहनुपर्ने प्रणाली हो। यहाँका निवासीलाई अत्यावश्यक सामग्री शहरमा बाहिरबाट ल्याउनुपर्छ। त्यसो हुँदाहुँदै पनि विश्वव्यापी रूपमा शहरको जनसंख्या बढेको बढ्यै छ। एकदुई वर्षअगाडि विश्व जनसंख्याको ६० प्रतिशतचाहिँ बस्ने बताइन्थ्यो, अहिले त्यो निरन्तर बढ्दो छ।

तेस्रो, त्यससँगै शहरहरू अत्यन्त स्रोतसाधन दोहनयुक्त हुन्छन्। शहरको निश्चित क्षेत्र हुन्छ, त्यो जमिन–क्षेत्रमा बस्नेहरूको जीवन टिकाउन÷सञ्चालनका लागि धेरै सामग्री र साधन चाहिन्छ। एक मुठो साग पनि यहाँ गाडी चढेरै आइपुगेको हुन्छ। त्यसमा ऊर्जाको खपत भएकै हुन्छ। खेती गर्ने जमिन, भवन निर्माणका लागि चाहिने गिट्टी, बालुवा र सिमेन्टदेखि प्राविधिक सामग्री उत्पादनको सबै जमिन जोड्दा शहरलाई चाहिने सामाग्री उत्पादनका लागि शहरको जमिन क्षेत्रभन्दा दुई सयदेखि हजार गुणा ठूलो जमिन उपयोग भएको हुन्छ।

त्यसो हुँदा, शहरी जीवनको 'कार्बन फुटप्रिन्ट' विशाल हुन्छ । त्यति मात्रै होइन, शहरहरू आफैँमा असुरक्षित (भल्नरेबल) हुन्छन् । बाहिरतिर कृषि उब्जनी घट्यो भने शहरमा आपत् पर्छ। जसरी हाम्रो संसार अहिले चलेको छ, सधैँ चल्दैन । जसरी अहिले हामी बाँचिरहेका छौँ, दश बिस वर्षपछि सम्भव हुनेछैन। हामीले धेरै दुःख पाउनेछौँ। त्यो दिन आउँदै छ। परम्परागत समाजहरू सामूहिक रूपमा बसोबास गर्थे। आत्मनिर्भर हुन्थे ती बस्ती। स्थानीयवासीको लागि आवश्यक कृषि उपज र धेरैजसो सरसामग्री त्यहीँ उत्पादन हुन्थ्यो । कृषि औजारहरूसमेत बनाइन्थ्यो । त्यस्तो समाजमा विभेद र असमानता पक्कै थियो, तर अहिलेझैँ व्यापक परनिर्भरता हुने गर्थेन।

अहिले संसारको अर्को कुनामा बनेको सामग्री हाम्रो चोटाकोठामा आइपुग्न थाल्यो । उति लामो दुरीबाट सामान यहाँसम्म ल्याइपु¥याउन लामो दुरीको यातायात चाहियो। यातायातका साधनले धेरै इन्धन खपत गर्छन्। धेरै इन्धन खर्च हुनु प्रदूषण बढ्नु र वातावरणीय क्षति हुनु हो।

त्यसमाथि, अहिले पश्चिमी मुलुकबाट फैलिएको व्यक्तिवाद (इन्डिभिजुअलिजम्) विश्वभर फैलँदो छ। त्यसको प्रभावका कारण कतिपय हाम्रा राम्रा सामाजिक मान्यता पनि कमजोर हुँदै गए। सामूहिक प्रयत्नबाट जीवन बाँच्नेभन्दा पनि बजारका सामान किनेर, एक्लै एकै छिन रमाउने अभ्यास हाबी हुन थाल्यो।

यसो ध्यानपूर्वक मनन गर्ने हो भने हामीले अहिले उपभोग गरिरहेका धेरै सामग्री हामीलाई आवश्यक पनि छैनन्। एउटा मान्छेलाई कति जोर लुगा चाहिन्छ ? अहिले त एउटै व्यक्तिका दर्जनौँ लुगा दराजमा थन्किरहेछन्। फेन्सी ड्रेस पार्टीहरूसमेत हुन थालेका छन् । चाडबाडपिच्छे नयाँ लुगा लगाउन थाले मान्छे। 'फास्ट फेसन'का नाममा एकै पटक लगाएर लुगा फ्याँक्ने अभ्यास पनि थालिएको छ। यस्तो आधुनिक संस्कृतिका कारण कतिले एकदमै दबाब पनि महसुस गरिरहेका छन्।

खासमा भन्ने हो भने हामीले प्रयोग गरिरहेका ग्याजेट र इलेक्ट्रोनिक्स डिभाइसमध्ये धेरै अनावश्यक छन्। आधारभूत सञ्चारको कुरा एक ठाउँमा छ, तर यो स्तरमा हामीलाई डिभाइसहरू पक्कै आवश्यक थिएनन्, त्यसमाथि यिनको निर्माणका लागि धेरै खनिज र साधन स्रोत आवश्यक पर्छ। यस्ता सामग्रीको निर्माणमा धेरै प्राकृतिक विनाश मात्रै होइन, मानवअधिकारको समेत हनन भइरहेको हुन्छ।

उपभोक्तावाद आफैँमा पृथ्वीका लागि हानिकारक छँदैछ, सांस्कृतिक समस्याका रूपमा पनि यो उदाएको छ । यसबाट हामी कसरी मुक्त हुने भनेर सोच्न ढिला भइसकेका छौँ । किनभने अहिलेको वातावरणीय विनाशको जड नै अति उपभोग हो । र, यो प्रणालीको नेतृत्व गर्ने ठूलाठूला कर्पोरेसन छन्, सर्वसाधारणले तिनका सामान र सेवा किनिदिएका कारण ती झनै धनी र शक्तिशाली हुँदै गएका छन्। हाम्रो जीविकाको नियन्त्रण नै उनीहरूको हातमा पुग्दै छ।

हामीले चुनावमार्फत आफ्ना प्रतिनिधि चुने पनि काम गरिराखेका र नीति पनि कर्पोरेसनकै हितमा गरिराखेका छन् । कर्पोरेट संस्कृतिकै कारण आम नागरिकको राजनीतिक शक्ति पनि घटेको छ । त्यसो हुँदा अहिलेको पर्यावरणीय संकट राजनीतिक र सांस्कृतिक मुद्दा पनि हो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# मानवअधिकार रक्षाका निम्ति सदन सधैँ सहयोगीः सभामुख



**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले मानवअधिकारको रक्षाका निम्ति सदन सधैँ सहयोग रहने बताएका छन् ।
छयत्तरौँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मंगलबार काठमाडौँमा आयोजना गरेको कार्यक्रममा उनले मानवअधिकार रक्षा गर्न सरकार सधैँ संवेदनशील हुनुपर्नेमा जोड दिए ।
'हाम्रो देशको मानवअधिकारको कुरा गर्दा द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरुको चर्चा हुने गरेको छ', सभामुख घिमिरेले भने,'तथापि यस बीचमा हामी शान्तिपूर्ण माध्यमबाट सशस्त्र द्वन्द्वको समाधान गर्दै सङ्घीय गणतान्त्रिक नेपाल स्थापना गर्न सफल भएका छौँ ।'
विश्वव्यापीकरण र खुला बजारमा हुने अस्वस्थ प्रतिस्पर्धाका कारण वस्तु र सेवाको उत्पादनदेखि उपभोक्तासम्म पुग्ने आपूर्ति शृङ्खलाका विभिन्न चरणमा संलग्न श्रमिक र सीमान्तकृत समुदायको आधारभूत मानवअधिकारको सुनिश्चितताको विषय थप चुनौतीपूर्ण बनेको उल्लेख गर्दै उनले उनीहरुको मानवअधिकारको सुनिश्चितताका लागि विशेष पहल गर्नुपर्नेमा जोड दिए ।
उनले भने,'द्वन्द्वकालका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाको छानविन गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोगका कामलाई सङ्क्रमणकालीन न्यायका सर्वमान्य सिद्धान्तअनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्न कानुनमा परिमार्जन भएको छभने ती आयोगका पदाधिकारी नियुक्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।'
'सूचना प्रविधिको विकासले मानव समाजलाई सरल बनाएको भए पनि प्रविधिको असमान विकासले यसको पहुँच र प्रयोगमा विभेद सृजना गरेको छ, प्रविधिको विकासले सामाजिक र सांस्कृतिक मूल्य मान्यतामा पनि नयाँ नयाँ समस्या र चुनौती थपिएका छन्', सभामुख घिमिरेले भने,'प्रविधिको प्रयोग मानवअधिकारको संरक्षण र प्रवद्र्धनमा अधिकतम रुपमा हुनु स्वाभाविक भए पनि यसको दुरुपयोगबाट अरूको मानवअधिकार हननको जोखिम टड्कारो देखिएको छ ।'
उनले पछिल्लो दशकमा भएका ऐतिहासिक परिवर्तनबाट प्राप्त राजनीतिक उपलब्धिको जगमा मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमार्फत विद्यमान वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैङ्गिक विभेद अन्त्य गरी समतामूलक समाज निर्माण गर्न इमान्दारीपूर्वक लाग्नु सबैको कर्तव्य भएको बताए ।
सभामुख घिमिरे संविधानसभामार्फत नयाँ संविधान घोषणा गरी आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका उत्पीडित, अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको अस्तित्वको पहिचान, स्वतन्त्रता, समानता र न्यायको प्रत्याभूतिका लागि समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेदको नीतिलाई आत्मसात् गरेको बताए ।
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सरकारबाट मानव अधिकार संरक्षणका लागि महत्वपूर्ण प्रयास भएका उल्लेख गर्दै भविष्यमा पनि मानव अधिकारीको संरक्षणमा सबै लाग्ने विश्वास व्यक्त गरे । उनले मानव अधिकार संस्कृतिको निर्माण गर्नका लागि सबैलाई आग्रह गरे ।
'समानता, अविभेद र माननवीय मर्यादा जस्ता विषयहरुलाई बेवास्ता गरेर चलाइने शासन वर्तमान विश्वमा कल्पना गर्न सकिन्न', अध्यक्ष मगरले भने, 'शासन व्यवस्थाको सञ्चालन जति उदार र प्रजातात्विक तवरबाट हुन्छ, त्यति नै त्यसले जनताको अपनत्व प्राप्त गर्दछ र त्यसबाट मानव अधिकारको संरक्षण हुन्छ ।'
मुख्य सचिव एकनारायण अर्यालले तीनै तहका सरकार, संवैधानिक निकायहरूका साथै सबैले मानवअधिकारको संरक्षणका निम्ति जुट्नुपर्नेमा जोड दिए । रासस

# समाजवादीको स्थायी कमिटी बैठक बस्दै




**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले यही मंसिर २६ र २७ गते केन्द्रीय कार्यालयमा स्थायी कमिटी बैठक आह्वान गरेको छ ।
पार्टीको देशभर सांगठनिक गतिविधि, जिल्ला तथा प्रदेशका अधिवेशन, स्थानीय तहको उपनिर्वाचनको समीक्षा, मुलुकको समसामयिक राजनीतिक विषयवस्तु, नेताहरूको कार्यविभाजन तथा संरचनामा फेरबदलसम्बन्धी निर्णय लिन बैठक बोलाइएको उपमहासचिव तथा केन्द्रीय कार्यालय सचिव रामकुमार भट्टराईले जानकारी दिए ।
गत असारमा दशौँ राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको पार्टीले अहिलेसम्म नेताहरूको जिम्मेवारी हेरफेर तथा कार्यविभाजनअन्तर्गत विभिन्न विभागीय प्रमुख, जिल्ला इन्चार्ज, आयोग तथा जनसङ्गठन इन्चार्ज तोकेको छैन ।
पार्टी संरचनामा कार्यविभाजन गर्न पार्टी अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा गठित कार्यदलले टुङ्गो लगाएको नामावली बैठकले अनुमोदन गर्ने बताइएको छ । रासस

# 'विकासका चाहना पूरा गर्ने माओवादीको ध्यान'



**चितवन ।**
नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताका विकासका चाहना कसरी पूरा गर्न सकिन्छ भन्नेतर्फ आफ्नो पार्टीको ध्यान केन्द्रित भएको बताएका छन् ।
मंगलबार चितवनमा पत्रकारसँग कुरा गर्दै उनले माओवादी केन्द्रको ध्यान सरकार परिवर्तनतर्फ नभई जनताका विकासका आकांक्षा कसरी पूरा गर्न सकिन्छ भन्नेतर्फ केन्द्रित रहेको बताए। उनले भने, 'हाम्रो ध्यान सरकारतिर छैन ।
हाम्रो ध्यान जनतातिर छ । जनतालाई परिचालन गर्नेतर्फ नै छ । सरकारका कामको खबरदारी गरिरहन्छौँ ।'
फरक प्रसंगमा उनले चिनियाँ विकास परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ बिआरआई नेपालको हितमा रहेको बताए ।
चीन र अमेरिका अहिलेका मुख्य प्रतिस्पर्धीका रूपमा देखिएकाले दुईवटा रणनीति आउँदा एकले अर्काको विषयमा चासो राख्नु स्वाभाविक भएको उनले बताए । रासस

# 'मानवअधिकार रक्षाका लागि सरकार निष्ठापूर्वक लागेको छ'



**काठमाडौं ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मानवअधिकार रक्षाका लागि सरकार निष्ठापूर्वक लागेको बताएका छन् ।
छयत्तरौँ मानवअधिकार दिवसका अवसरमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा मंगलबार काठमाडौँमा आयोजित कार्यक्रममा उहाँले मानवअधिकार आयोगको भूमिकालाई अझ प्रभावकारी बनाउन सरकार क्रियाशील रहेको बताए ।
'राज्य र राजनीतिक शक्तिहरू मानवाधिकार रक्षा गर्न प्रतिबद्ध छन् । सर्वोच्च अदालतका फैसला कार्यान्वयन र सङ्क्रमणकालीन न्यायलाई पीडितमैत्री बनाउनेमा सरकारले ध्यान दिएको छ । आयोगलाई स्वायत्त र सशक्त बनाउन सरकार तत्पर छ,'उपप्रधानमन्त्री पौडेलले भने । उनले मानवअधिकारको रक्षा र आयोगको कार्य सञ्चालनका लागि भौतिक एवं आर्थिक स्रोत सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताए ।
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले मानवअधिकारमैत्री हुन नसकेका कानुन संशोधन हुनुपर्नेमा जोड दिए । उनले वैदेशिक रोजगारीमा गएकाहरूको मानवअधिकार रक्षा संवेदनशील विषय भएकाले त्यसतर्फ सम्बद्ध सबै पक्ष गम्भीर हुनुपर्नेमा जोड दिए ।
यहाँस्थित संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजक (युएनडिपी) का आवासीय प्रतिनिधि हाना सिङ्गर–हम्डेले कोप २९ मा नेपालले निर्वाह गरेको भूमिका तथा सङ्क्रमणकालीन न्यायका निम्ति गरेका कामको सराहना गरे ।
गैरसरकारी संस्था महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले मौलिक हकमैत्री कानून बनाउन सरकारको ध्यानाकर्षण गराए ।
मानवअधिकार महाभेला २०२४ का संयोजक भोला भट्टराईले महिला, श्रमिक, किसान, अल्पसङ्ख्यकहरूको मानवअधिकारको रक्षामा जोड दिए ।
मानव अधिकार आयोगका सदस्य लिली थापाले अन्तर्राष्ट्रियस्तरमा नेपालको मानव अधिकारको अवस्था सन्तोषजनक रहको बताए ।
त्यस अवसरमा मानवअधिकार रक्षकको सशक्त भूमिका निर्वाह गर्नुभएका वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई 'दयाराम स्मृति पुरस्कार' प्रदान गरिएको थियो भने वातावरणअधिकार रक्षामा योगदान गरेका धनुषाका लक्ष्मी महतोलाई पनि पुरस्कृत गरिएको थियो । दुवै पुरस्कारको राशि ५० हजार रूपैयाँ छ । रासस

# कर्मचारीको अवकाश उमेर ६२ र ६५ वर्ष तोक्न प्रस्ताव



**काठमाडौँ ।**
नेकपा (एमाले) का सचिव योगेश भट्टराईले सङ्घीय निजामती सेवासम्बन्धी विधेयकमा कर्मचारीको अवकाश उमेर बढाउन प्रस्ताव गरेका छन् ।
प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा 'सङ्घीय निजामती सेवा गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको छलफलमा उनले उपसचिवभन्दा माथिका कर्मचारीको अवकाश उमेर ६५ र उपसचिवभन्दा तलका कर्मचारीको अवकाश उमेर ६२ वर्ष कायम गर्न प्रस्ताव गरे ।
नेता भट्टराईले निजामती सेवाबाट अवकाशलगत्तै अन्य नियुक्तिका लागि न्यूनतम् दुई वर्ष 'कुलिङ पिरियड' को व्यवस्था राख्नुपर्नेमा जोड दिए। सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि संसद्मा प्रस्तुत सो विधेयक सङ्घीय निजामती प्रशासनको प्रस्थान बिन्दु भएको उल्लेख गर्दै उहाँले सङ्घीय प्रणालीअनुसार निजामती सेवामा पनि बदलाव आउनुपर्ने बताए । 'अब परम्परागत मान्यता बदल्नुपर्छ, 'राज्यको काम, कहिले जाला घाम' हुनुहुँदैन', उनले भने,'राज्य व्यवस्था जनताप्रति जवाफदेही र उत्तरदायी हुने संवैधानिक व्यवस्था छ, अब कर्मचारी प्रशासन पनि जनता र सम्बन्धित निकायप्रति जवाफदेही र उत्तरदायी हुनुपर्छ ।' रासस

# 'एक आर्थिक वर्षमा पाँच लाखलाई रोजगारी सिर्जना गर्नुपर्ने'

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले एक आर्थिक वर्षमा पाँच लाखलाई रोजगारी सिर्जना गर्नुपर्ने बताएका छन् ।
७६ औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा मानव अधिकार तथा शान्ति समाजले आज यहाँ आयोजना गरेको 'बढ्दो युवा पलायन र सैन्य प्रयोजनमा दुरुपयोगको खतरा' विषयक नागरिक संवाद कार्यक्रमलाई सम्बोधन गर्दै उनले युवा पलायन रोक्न देशमा रोजगारी सिर्जना गर्नुपर्ने बताएका हुन् ।
एक आर्थिक वर्षमा कति राजस्व सङ्कलन भयो भनेर मापन गरिए जस्तै वर्षमा कति रोजगारी सिर्जना भयो भनेर पनि मापन गरिनुपर्ने उनले बताए ।
"मुख्य राजनीतिक दलमा यस्ता विषयमा छलफल नै हुँदैन, सञ्चारमाध्यमले पनि यस्ता विषयमा बहस गराउन सकेको छैन, सत्तारुढ दलको दुई दलीय संयन्त्रमा मैले यस्ता विषयमा बहसको आरम्भ गराएको छु, रोजगारी सिर्जना गर्न सकियो भने राजनीतिक नेतृत्वलाई पनि सहज हुन्छ", उनले भने ।
अबको समय ज्ञान अर्थतन्त्रको भएकाले त्यसका लागि आवश्यक जनशक्ति उत्पादनमा ध्यान दिनुपर्ने महामन्त्री थापाको भनाइ छ । धेरै युवा रोजगारीकै लागि विदेशिएकाले वैदेशिक रोजगारसहित स्वदेशमै रोजगारी सिर्जना गर्न सकिने गरी मन्त्रालयको व्यवस्था गरिनुपर्ने उनको धारणा छ । रासस

# आर्थिक कूटनीतिलाई पहिलो प्राथमिकता दिन परिसंघको आग्रह




**काठमाडौँ ।**
नेपाल उद्योग परिसङ्घले विभिन्न ११ देशका लागि प्रस्तावित राजदूतहरुसँग आर्थिक कूटनीतिमा केन्द्रित रहेर छलफल गरेको छ ।
छलफलमा परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले कूटनीतिका माध्यमबाट आर्थिक सम्बन्ध विस्तारलाई पहिलो प्राथमिकतामा राख्न प्रस्तावित नेपाली राजदूतहरुलाई आग्रह गरे ।
नेपालमा लगानीकर्ताहरुलाई पूँजी परिचालनमा अभिप्रेरित गर्न, निर्यात प्रवद्र्धन गर्न देश केन्द्रित बेग्लै आर्थिक रणनीति बनाउनुपर्ने, विदेशी लगानीकर्ताका लागि सबै नेपाली राजदूतावासमा सम्पर्क व्यक्ति तोकिनुपर्नेमा अध्यक्ष अग्रवालले जोड दिए ।
नेपालको 'कन्ट्री रेटिङ' भइसकेको सन्दर्भमा लगानी भित्र्याउन त्यो सहयोगी बन्ने विश्वास व्यक्त गर्दै उहाँले सन् २०२६ मा मुलुक मध्यमआययुक्त विकासशील देशमा स्तरोन्नति हुने भएकाले अन्तर्राष्ट्रिय क्षेत्रबाट देशले पाउँदै आएको सुविधा नघट्ने वातावरण बनाउन उनले प्रस्तावित राजदूतहरूसँग आग्रह गरे ।
परराष्ट्र मन्त्रालयका कामयमुकायम सचिव अमृत बहादुर राईले देशको प्रतिनिधिको रुपमा राजदूतहरुले नेपाली वस्तुहरुको प्रवद्र्धन, नेपाली व्यवसायीहरुलाई सहजीकरण गर्ने बताए । उनले नेपाली व्यवसायिक क्षेत्रलाई सम्बन्धित मुलुकका लगानीकर्तासँग सम्पर्क स्थापना गर्न, नेपाली वस्तु तथा सेवा निर्यातमा सघाउन आग्रह गरे ।
उच्च व्यापार घाटा कम गर्न, नेपाली उत्पादनको प्रवद्र्धन, पर्यटन, सूचना प्रविधि, उद्योग, जलविद्युत् पूर्वाधार विकासमा लगानी केन्द्रित गर्न आफूहरू लाग्ने प्रस्तावित राजदूतहरुले व्यक्त गरे ।छलफलमा प्रस्तावित राजदूतहरु डा. शङ्कर शर्मा, सेवा लम्साल, चित्रलेखा यादव, चन्द्रकुमार घिमिरे, डा. सुम्निमा तुलाधर, डा. जङ्गबहादुर चौहान, प्राध्यापक कपिलमान श्रेष्ठ, प्रकाशमणी पौडेल, डा. शिवमाया तुम्बाहाम्फे, डा. पूर्णबहादुर नेपाली र डा. नेत्रप्रसाद तिम्सिना सहभागी थिए । रासस

# पर्यटन राजधानीमा २६ औँ पोखरा सडक महोत्सव हुँदै

**कास्की ।**
रेष्टुरेन्ट एण्ड बार एशोसिएसन (रेबान) पोखराको आयोजनामा अङ्ग्रेजी नयाँ वर्षको अवसर पारी २६ औँ पोखरा सडक महोत्सव गर्ने भएको छ ।
'सडकमै खाउँ, सडकमै रमाउँ' भन्ने नाराका साथ आगामी पुसको १३ देखि १७ गतेसम्म सडक महोत्सव हुन लागेको २६औँ पोखरा सडक महोत्सवका संयोजक विकास भट्टराईले जानकारी दिए । उनका अनुसार हरेक वर्ष लेकसाइडको तीन किलोमिटर क्षेत्र (लेकसाइडको फिस्टेल गेटदेखि खहरेसम्म) लाई समेटेर सडक महोत्सव गर्न लागिएको हो ।महोत्सव पोखरामा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न महत्वपूर्ण बन्दै गएको रेबान पोखराका अध्यक्ष विश्वराज पौडेलले उल्लेख गरे । कला संस्कृति प्रवर्द्धनसँगै स्थानीय सामग्रीलाई बजारीकरण गर्न महोत्सव उपलब्धिपूर्ण बन्दै गएको उनले बताए ।महोत्सवमा मुख्य आकर्षणका रूपमा विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक कार्यक्रम, मौलिक वेषभूषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, लाइभ कन्सर्ट, खेलकुदतर्फ बोट रेस, वेटर रेस, टग अफ वार, मःम, ससेज खाने प्रतियोगिताहरू रहेका सांस्कृतिक संयोजक चौबहादुर गुरुङले जानकारी दिए ।यस वर्ष लमजुङबाट कृष्ण चरित्रका साथै भोजपुरी नृत्य आदि सांस्कृतिक प्रस्तुतिका साथै छिमेकी राष्ट्र भारत र चीनका सांस्कृतिक प्रस्तुति समेत रहने उनले उल्लेख गरे । रासस

# एनपिएलः कर्णालीको तेस्रो जित पोखरा सात विकेटले पराजित

**काठमाडौँ ।**
राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) को मंगलबारको दोस्रो खेलमा कर्णाली याक्सले पोखरा एभेन्जर्सलाई ७ विकेटले हराएको छ ।
त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा मङ्गलबारको दोस्रो खेलमा पोखराले दिएको एक सय चार रनको लक्ष्य पछ्याएको कर्णालीले १५ ओभरमा तीन विकेट गुमाएर पूरा गर्यो ।
कर्णालीका लागि गुल्सन झाले अविजित ४९ रन बनाए । यस्तै, चाडविक वाल्टन ४२, बाबर हायातले ७ र विलियम बोसिस्टोले २ रनको योगदान दिए । कर्णालीले अतिरिक्त ६ रन प्राप्त गर्यो ।
पोखराका लागि विपिन खत्री, सागर ढकाल र कुशल भुर्तेलले समान १/१ विकेट लिए । कर्णालीको यो तेस्रो जित हो । जारी एनपिएलमा ५ खेल खेलेको कर्णाली यसअघि दुई खेलमा पराजित भइसकेको छ ।
त्यसअघि, टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय लिएको पोखराले १६ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर एक सय तीन रन बनाएको थियो ।
पोखराको लागि दिनेश खरेलले सर्वाधिक २६ रन बनाए । उनले १९ बलमा एक छक्का र चार चौका समेत प्रहार गर्दै २६ रन बनाएका हुन् ।
एन्ड्रिज गौसले २५, रेमन रेफरले २०, कप्तान कुशल भुर्तेल र विपिन खत्रीले समान १०/१० रन बनाए ।
यस्तै, दिलीप नाथले ३, माइकल लिस्कले २, नारायण जोशी र आकाश चन्दले समान एक/एक रनको योगदान दिए । पोखराले अतिरिक्त ५ रन प्राप्त गर्यो ।
कर्णालीको लागि विलियम बोसिस्टोले सर्वाधिक ६ विकेट लिए ।
यस्तै, कप्तान सोमपाल कामी, विपिन शर्मा र युनिश ठकुरीले समान एक/एक विकेट हात पारेका थिए । पोखराको यो तेस्रो हार हो । जारी एनपिएलमा ४ खेल खेलेको पोखराले एक खेल मात्रै जितेको छ । रासस

# एनपिएल क्रिकेटः लुम्बिनी लायन्सको जित

**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गतको पहिलो खेलमा लुम्बिनी लायन्स चितवन राइनोजलाई पराजित गर्दै विजयी भएको छ ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको खेलमा कप्तान रोहितकुमार पौडेलको 'अलराउण्ड' प्रदर्शनमा लुम्बिनी लायन्स चितवन राइनोजलाई ३३ रनले पराजित गर्दै विजयी भएको हो । प्रतियोगितामा लुम्बिनीको यो पहिलो जित हो ।
लुम्बिनीले दिएको एक सय ६८ रनको लक्ष्य पछ्याएको चितवनले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ३४ रन मात्र जोड्न सक्यो । चितवनका लागि ल्युक बेनकेनस्टनले सर्वाधिक ३१ रन बनाए । त्यस्तै, कप्तान कुशल मल्लले १७ बलमा एक चौका र एक छक्काको सहयोगमा २० रन जोडे ।
त्यस्तै, रवि बोपाराले १६ बलमा १२ रन बनाए । लुम्बिनीका लागि कप्तान पौडेलले चार विकेट लिए भने रामोन सिमोण्डसले दुई तथा साद विन जाफर र अभिषेस गौतमले समान एक–एक विकेट लिए ।
त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ६७ रनको योगफल बनाएको थियो । लुम्बिनीका लागि कप्तान रोहितले सर्वाधिक ८० रन जोडेका थिए । उनले ६८ बलमा छ चौका र पाँच छक्का प्रहार गरेका थिए । यसैगरी, साद बिन जफरले ३५ बलमा चार चौका र एक छक्काको मद्दतले अविजित ५२ रन बनाए । त्यस्तै, अर्जुन साउदले १५ र टोम मुर्सले १० रन बनाए ।
चितवनका लागि रिजन ढकालले तीन तथा कप्तान कुशल मल्ल र रञ्जित कुमारले समान एक विकेट लिए । पहिलो अङ्क पाएको लुम्बिनी पाँचौँ स्थानमा उक्लिएको छ । यसअघि लुम्बिनी विराटनगर किंग्स, पोखरा एभेन्जर्स, सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्ससँग पराजित भएको थियो ।
चतवनले भने पाँच खेलमा तीन जित र दुई हारसहित तेस्रो स्थानमा छ । चितवनले जितका साथ शीर्ष स्थानमा उक्लिने अवसर गुमाएको छ । सुरुआती दुई खेल जितेको चितवन तेस्रो खेलमा भने पराजित भएको थियो । काठमाडौँ र पोखरालाई पराजित गरेको चितवन कर्णालीसँग हारेको थियो । पछिल्लो खेलमा भने चितवनले सुदूरपश्चिम रोयल्सलाई पराजित गरेको थियो । शत्प्रतिशत जितका साथ जनकपुर बोल्ट्स शीर्ष स्थानमा छ । रासस

# राष्ट्रिय सभा प्रतिनिधिसभासँग १३–० ले पराजित

**काठमाडौँ ।**
संघीय संसदको १८ औँ स्थापना दिवसका अवसरमा मंगलबार काठमाडौंमा आयोजित मैत्रीपूर्ण फुटसल प्रतियोगितामा प्रतिनिधिसभा विजयी भएको छ । भृकुटीमण्डपस्थित फुटसल मैदानमा भएको खेलमा प्रतिनिधिसभाले शून्यका विरुद्ध १३ गोलले राष्ट्रिय सभालाई पराजित गरेको हो । प्रतियोगितामा सबैभन्दा धेरै प्रतिनिधिसभा सदस्य मोहन आचार्यले पाँच गोल गरेका थिए । त्यसैगरी तारा लामाले तीन, माधव सापकोटा र सुहाङ नेम्वाङले समान दुई र मनिष झाले एक गोल गरेका थिए ।
प्रतियोगिताको पहिलो हाफमा प्रतिनिधिसभाले नौ गोलको अन्तर कायम गरेको थियो । दोस्रो हाफमा थप चार गोल गरेपछि प्रतिनिधिसभाको टोली १३ गोल अन्तरले विजयी भयो ।
प्रतिनिधिसभा टिमको नेतृत्व सभामुख देवराज घिमिरे र राष्ट्रियसभा टिमको नेतृत्व अध्यक्ष नारायणप्रसाद दाहालले गरेका थिए ।
प्रतिनिधिसभाको टिममा उपसभामुख इन्दिरा राना तथा सांसदहरू मोहन आचार्य, माधव सापकोटा, मनिष झा, निशा डाँगी, बिना लामा, तारा लामा तामाङ, सुहाङ नेम्वाङलगायत थिए । राष्ट्रिय सभा टिममा उपाध्यक्ष विमला घिमिरे,सांसदहरू घनश्याम रिजाल, विष्णुकुमारी सापकोटा, पदमबहादुर परियार, भगवती न्यौपाने,तुलसाकुमारी दाहाल, गोपीबहादुर सार्की अछामी,नरबहादुर विष्टलगायत सांसद थिए । रासस

# स्थानीय उत्पादन बजारीकरण गर्न कोसेली घर




**काठमाडौँ ।**
काठमाडौं महानगरपालिकाले ३२ वटै वडामा भएका स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले कोसेली घर कार्यक्रम सञ्चालन गर्ने भएको छ ।
'एक वडा, एक नमुना' कार्यक्रमअन्तर्गत ३२ वटै वडामा उत्पादन भएका फरक–फरक उत्पादनका आधारमा उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको महानगरपालिकाकी सामाजिक विकास विभाग प्रमुख समीक्षा निरौलाले जानकारी दिइन् ।
प्रत्येक वडामा उत्पादन भएका सामग्रीलाई कोसेली घरमा जम्मा गर्ने र सोहीमार्फत बिक्री गर्ने गरी उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको हो । यसका लागि महानगरपालिकाले चालू आर्थिक वर्षका लागि रु. पाँच लाख विनियोजना गरेको छ ।
स्थानीय स्रोतसाधनलाई परिचालन गरेर उत्पादन गर्न सकिने सामग्री गुन्द्रुक, सिन्की, मकै, विभिन्न प्रकारका अचार र काष्ठकलाबाट बनेका सामग्री कोसेली घरमार्फत बिक्रीका लागि राख्ने तयारी छ । यसका लागि अहिले 'कोसेली घर सञ्चालन कार्यविधि' निर्माणको चरणमा छ । रासस

# माघमा धरानमा 'बिजनेस एक्स्पो'हुने

**धरान ।**
धरानमा आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने उद्देश्यले आगामी माघमा १४ दिने 'बिजनेस एक्स्पो' आयोजना हुने भएको | छ । नेपाल उद्योग व्यवसायी महासंघ धरान उपमहानगर समितिले स्थानीय रंगशालामा माघ २६ देखि फागुन १० गतेसम्म एक्स्पो आयोजना गर्ने महासंघका अध्यक्ष शिवराज श्रेष्ठले बताए । एक्स्पोमा साना घरेलु, मझौला तथा ठुला उद्योगका उत्पादन, स्थानीय कृषि उपज, तयारी पोसाक, रत्न तथा आभूषण, जुत्ताचप्पल, साजसज्जाका सामग्री, खाना महोत्सव, पुष्प व्यापार, कृषि औजार, विद्युतीय उपकरण, औद्योगिक प्रदर्शनी समावेश गरिनुका साथै ती सामग्रीको खरिद–बिक्री हुनेछ ।
साथै प्याराग्लाइडिङ, साइक्लिङ, साहसिक तथा रोमाञ्चक खेल पनि प्रस्तुत गरिनेछ । एक्पोमा ३५० प्रदर्शनी कक्ष राखिनेछन् । रासस

# जापान २०४० सम्ममा नवीकरणीय ऊर्जाको ठूलो स्रोत बन्ने

**टोकियो ।**
जापान सरकारले सन् २०४० सम्ममा सौर्य र वायु जस्ता नवीकरणीय ऊर्जा स्रोतहरूलाई देशको सबैभन्दा ठूलो ऊर्जा स्रोत बनाउने लक्ष्य लिएको छ ।
योजनाले सन् २०४० सम्ममा कुल विद्युत उत्पादनको ४० प्रतिशतदेखि ५० प्रतिशतसम्म नवीकरणीय ऊर्जाको योगदान दिने प्रस्ताव गरेको थियो, जसले थर्मल पावरलाई उछिनेर ३० प्रतिशतदेखि ४० प्रतिशतसम्म योगदान पु¥याउँछ । हाल, जापानको ऊर्जा नीतिले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जाको ३६ प्रतिशतदेखि ३८ प्रतिशत हिस्सा लिने लक्ष्य राखेको छ ।
नवीकरणीय ऊर्जाले मौसम निर्भरता र उच्च लागत जस्ता चुनौतीहरूको सामना गरिरहेको बेला जापान सरकारले यसको विस्तारलाई अगाडि बढाउन प्राविधिक आविष्कारको परिकल्पना गर्छ ।
यसैबीच, आणविक ऊर्जाले विद्यमान लक्ष्य ढाँचामा आफ्नो २० प्रतिशत हिस्सा कायम राख्नेछ । यसले नवीकरणीय ऊर्जासँगै 'डेकार्बोनाइजेशन' प्रयासहरूमा प्रमुख घटकको रूपमा सेवा गर्नेछ । डेकार्बोनाइजेशन भनेको वायुमण्डलमा कार्बन डाइअक्साइड हटाउन वा घटाउन प्रयोग गरिने शब्द हो । कम कार्बन ऊर्जा स्रोतहरूको प्रयोगमा स्विच गरेर डेकार्बोनाइजेशन हासिल गरिन्छ ।
यी लक्ष्यहरू सहितको योजनाको मस्यौदा अर्को हप्ता जारी हुने अपेक्षा गरिएको छ । रासस

# श्रीलङ्काका नयाँ राष्ट्रपतिको पहिलो विदेश भ्रमण भारतमा

**कोलम्बो ।**
श्रीलङ्काका राष्ट्रपति अनुरा कुमारा दिसानायकेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग वार्ता गर्न आइतबार भारत आउने भएका छन् । श्रीलङ्काको सूचना मन्त्री नलिंदा जयतिसाले राष्ट्रपति दिसानायकेले तीन दिन भारतमा प्रधानमन्त्री मोदी र अन्य अधिकारीहरूसँग भेट गर्ने जानकारी दिए ।
वामपन्थी दिसानायके भ्रष्टाचार विरुद्ध लड्ने वाचामा सेप्टेम्बरमा सत्तामा आउनुभएको हो । गत महिना भएको संसदीय चुनावमा उनको पार्टीले ठूलो जित हासिल गरेपछि सत्तामा आफ्नो पकड बलियो बनाए ।
नयाँ दिल्ली श्रीलङ्कामा बेइजिङको बढ्दो प्रभावको बारेमा चिन्तित छ, जसलाई उसले भूराजनीतिक प्रभावको क्षेत्रको रूपमा हेर्छ ।
दिसानायके अर्को महिना चिनियाँ नेताहरूसँग वार्ता गर्न बेइजिङ जाने अपेक्षा गरिएको सरकारले यसअघि घोषणा गरेको थियो । रासस

# जलवायु परिवर्तनको कहरः
# सगरमाथा क्षेत्रका महिलाको स्वास्थ्यमा संकट



–सुवास दर्नाल

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–४ सोमारेकी ३४ वर्षीया शेर्पा थरकी एक महिलाको अनुभवले सगरमाथा क्षेत्रका महिलाहरूमा जलवायु परिवर्तनको असरलाई उजागर गरेको छ। उनको महिनावारी अनियमित भएको मात्र होइन, काठमाडौँमा उपचारपछि सामान्य भए पनि गाउँ फर्किदा समस्या पुनः दोहोरिन थाल्यो। 'यहाँको हावापानीले गर्दा यस्तो भएको हो कि भन्ने लागेको छ', उनले बताइन्। प्रजनन्मै आएको समस्याले केही समय आफ्नो गाउँ छोडेर काठमाडौँमा बस्न थालेको अनुभव समेत शेर्पाले सुनाइन्।

उच्च हिमाली भेगमा बसोबास गर्ने महिलाहरूमा महिनावारी अनियमित र बाँझोपनको समस्या सामान्य जस्तै हुँदै गएको छ। खुम्बु क्षेत्रका स्वास्थ्यकर्मी डिमडोमा शेर्पाका अनुसार धेरैजसो महिलाहरू स्वास्थ्य संस्था पुग्दा प्रजनन्सम्बन्धी समस्या लिएर आउने गरेका छन्। कतिपय महिलाहरू आफ्नो समस्या चुपचाप सहेर बस्छन् भने केहीले मात्र जाँच गराउन आइपुग्छन्।

महिनावारीको अवधि लम्बिने, असामान्य रगतस्राव हुने र गर्भधारणमा समस्या उत्पन्न हुने घटना बढिरहेको शेर्पाले बताइन्। 'पहिले मेरो महिनावारी नियमित थियो तर अहिले महिनावारी अनियमित भइसकेको छ। यो परिवर्तन जलवायु परिवर्तनकै कारण भएको जस्तो लाग्छ' सगरमाथा क्षेत्रकै अर्को एक शेर्पा थरकी महिलाले परिचय नखुलाउने शर्तमा भने। 'विगतमा यस्तो हुँदैन थियो तर पछिल्लो १५ वर्षमा यहाँको परिवर्तनले हामी महिलालाई धेरै असर गरेको छ। मेरो मात्रै होइन, मेरा धेरै साथीहरूको पनि प्रजनन्मा समस्या भइरहेको बताएका छन्। उनीहरुको महिनावारी समयमा नहुने, रगत धेरै बग्ने, गर्भपतन हुने जस्ता समस्या यहाँका लागि सामान्य जस्तै भइसकेको छ। पुरुषहरुलाई खासै असर नगरे पनि महिलाहरुलाई यसको असर बढी छ।' हिमाली क्षेत्रमा बेमौसमी हिमपात र अस्वाभाविक तापक्रम वृद्धिले प्रजनन स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको छ।

महिलाहरूले समयमै चिकित्सकीय परामर्श नपाउँदा समस्या गम्भीर हुने गरेका छन्। लबुचेका सङ्गम राई भन्छन्,'पछिल्लो केही वर्षयता चैत–वैशाखमा धेरै हिमपात हुने क्रम बढिरहेको छ। यो हिमपात पुस–माघमा हुनुपर्ने हो। अब समय त धेरै फेरियो।' हिमालमा यस्ता परिवर्तनका असरहरू देखिने क्रम बढ्दो छ। जलवायु परिवर्तनले सगरमाथा क्षेत्रका महिलाको स्वास्थ्यमा अनपेक्षित चुनौती थपेको छ। सगरमाथा क्षेत्रको खुम्बु हिमनदी छोटिँदै गएको र आधार शिविर क्रमशः गहिरिँदै गएको स्थानीय व्यवसायीहरुले बताएका छन्। आरोहीहरुद्वारा छोडिएका सामग्री र फोहोरका कारण तापक्रममा थप असर परिरहेको छ। पर्यटन व्यवसायी साङ्गे शेर्पा भन्छन्, 'आधार शिविर वर्षेपिच्छे खाल्डोमा परिणत हुँदैछ। यो राम्रो सङ्केत होइन।' यसले स्थानीय पर्यावरण मात्र नभई महिलाहरुको जीवनशैली र स्वास्थ्यमा समेत असर पुऱ्याएको अभियान्ता प्रजिता कार्कीले बताए। 'महिलाहरू घरदेखि बाहिर समेत बढी केन्द्रीत हुने भएकाले चुलोमा देखिएको असरदेखि हिमालको फेदमा देखिएको असरको शिकार बढी मात्रामा महिलाहरू भइरहेका छन्। यसलाई रोक्न र समाधान गर्न सबै एक हुनुको विकल्प छैन्', कार्कीले भने।

### प्रजनन् स्वास्थ्यमा जलवायु परिवर्तनको प्रभाव

महिनावारी अनियमितताले महिलाहरुको जीवनमा ल्याउने दीर्घकालीन असरलाई नजरअन्दाज गर्न नसकिने खुम्बु क्षेत्रका स्वास्थ्यकर्मीहरुको भनाइ छ। गर्भाधानमा समस्या, बच्चा जन्माउने क्षमतामा गिरावट र मानसिक स्वास्थ्यमा प्रभाव जस्ता समस्या जलवायु परिवर्तनसँग सम्बन्धित हुने सङ्केत देखिएको छ। स्वास्थ्यकर्मी डिमडोमा शेर्पाका अनुसार जलवायु परिवर्तनका कारण उच्च हिमाली भेगमा जलवायु परिवर्तनले महिलाहरुको हर्मोन सन्तुलनमा असर गरिरहेको हुनसक्छ। यो समस्या समाधान गर्न विशेष स्वास्थ्य योजना र परामर्श सेवाको आवश्यकता छ।

जलवायु परिवर्तनका कारण हर्मोन असन्तुलन र त्यसको शारीरिक तथा मानसिक प्रभावले महिलाहरुको प्रजननमा असर गरेको हुनसक्ने नेपाल चिकित्सक सङ्घका महासचिव सञ्जिव तिवारीको तर्क छ। 'यहाँका महिलाहरुमा जलवायु परिवर्तनको असर भएको महसुस भयो तर यो गहिरो खोज र अध्ययनको विषय हुन सक्छ। यो सामान्य विषय भने होइन। यसलाई सामान्य सम्झँदै जाने हो भने भोलिका दिनमा यहाँका महिलाहरुमा ठूलो प्रजनन् समस्या नदेखिएला भन्न सकिन्न', उनले भने।

### स्थानीय उत्पादन र खेतीमा गिरावट

खुम्बु क्षेत्रका खेतीयोग्य बालीमा समेत गिरावट आएको छ। खुम्जुङ्की पासाङ ल्हामु शेर्पाका अनुसार गहुँ, जौ र फापरजस्ता बाली अब उब्जाउन कठिन भएको छ। 'पहिले कति धेरै उवा र फापर हुन्थ्यो। अहिले बाली लगाउने बारी पनि बाँझो छोडिएको छ' उनले भने। कृषि उत्पादन घट्नुले महिलाहरुको पोषण र स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको छ। खुम्जुङ क्षेत्रमा फल्ने हिमाली खेतीहरू अहिले उत्पादन हुनै छोडेको स्थानीय बताउछन्। यसले गर्दा बालबालिकादेखि महिलाहरुको पोषणमा असर पर्नसक्ने सम्भावना बढेको स्वास्थ्यकर्मीहरुको भनाइ छ। खेती नै हुन छोडेपछि विगतमा उवा, फापर, जौ जस्ता बालीहरू उब्जाउ हुने जग्गाहरू बाँझो पाखामा परिणत भएको स्थानीय फुरी शेर्पाले बताए।

### हिमनदीहरू खस्कँदै, हिमालहरू कालापत्थरमा परिणत हुँदै

सगरमाथा क्षेत्रका हिमनदीहरू छोटिँदै र पातलिँदै गइरहेका छन्। आरोहीहरुका लागि आधार शिविरका रुपमा परिचित क्षेत्रहरू अहिले पहिरोको जोखिममा परेका छन्। पर्यटन व्यवसायी कर्मा शेर्पा १५ वर्षदेखि सगरमाथा क्षेत्रमा पर्यटन व्यवसाय गर्दै आएका छन्। उनी भन्छन्, 'पहिला आधार शिविरका हिमनदी चहकिला र सफा देखिन्थे, तर अहिले त आधार शिविर नै खाल्डो जस्तो देखिन्छ। हिउँ कम हुँदै गएर कालापत्थर देखिन थालेको छ।' पछिल्लो एक दशकमा हिमनदीहरुको पग्लिने दर तीव्र भएको छ।

स्थानीय जानकार पासाङ शेर्पाका अनुसार यस क्षेत्रको तापक्रम वृद्धि र विगतमा आरोहीहरुद्वारा छोडिएका फोहोरले ग्लेसियरको संरचनामा प्रत्यक्ष असर परेको छ। सगरमाथा क्षेत्र जलवायु परिवर्तनको सबैभन्दा प्रत्यक्ष असर भोग्ने हिमाली क्षेत्रहरुमध्ये एक हो। बेमौसमी हिमपात अनियमित वर्षा र अस्वाभाविक तापक्रमले यहाँको हावापानीलाई परिवर्तन गरिरहेको छ। 'पहिले पुस–माघमा हिउँ पर्दथ्यो, अहिले चैत–वैशाखमा हिउँ पर्न थालेको छ। यसले पर्यावरणीय सन्तुलन खलबलिएको छ', गोरक्सेपका व्यवसायीहिरा कुलुङले भने। यस्तो परिवर्तनले हिमालको फेददेखि शिखरसम्मको जैविक र भौतिक संरचना जोखिममा परेको उनको भनाइ छ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले हालै अजरबैजानमा आयोजित कोप सम्मेलनअघि सार्वजनिक गरेको प्रतिवेदनले हिमाली क्षेत्रको हिमगलनमा तीव्रता आएको देखाएको छ। सगरमाथा आरोहीहरुले आधार शिविरमा छोडेका फोहोरले पनि यहाँको तापक्रममा असर पुऱ्याएको छ। प्लास्टिक, खाद्यान्नका प्याकेट र अन्य गैरजैविक फोहोरले हिमनदीहरुमा सूर्यको प्रकाशको प्रभाव बढाएको जानकारहरूको तर्क छ।

पर्यटन व्यवसायी पासाङ शेर्पाका अनुसार आरोहीहरू यहाँ आफ्नो सामग्री छोडेर फर्किन्छन्। सधैँ चाँदी झैँ टलक्क टल्कने हिमालहरू काला पहाडमा परिणत हुँदैछ जसका कारण पनि जलवायु परिवर्तनको असरको चपेटामा सगरमाथा क्षेत्र परेको पुष्टि हुने नाम्चेका लामाकाजी शेर्पाले बताए। उनले भने, 'सगरमाथा नै अब कालो पहाड जस्तो देखिन थालेको छ' नाम्चेबाट देखिने हिमालहरू हेर्दा विरक्त लाग्ने भइरहेको छ। यी सबै समस्या जलवायु परिवर्तनको असरले नै देखिरहेको अभास हुन्छ।'

### जलवायु परिवर्तनको कारण र समाधान

जलवायु परिवर्तनका कारण उच्च हिमाली भेगका महिलाहरुको स्वास्थ्यमा दीर्घकालीन असर पर्ने सम्भावना देखिएको छ। वातावरणविद् डा. राजन थापाका अनुसार शक्ति राष्ट्रहरुले चलाएका उद्योगहरू र विश्वव्यापी तापक्रम वृद्धिले नेपालको हिमाली क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्दै गएको छ। युनेस्कोको प्रतिवेदनअनुसार तापक्रमको वृद्धिले विश्व सम्पदा सूचीका प्राकृतिक सम्पदामा गम्भीर जोखिम थपिएको छ। यदि तापक्रम वृद्धिको नयाँ गति रोकिएन भने दुई डिग्री सेल्सियसभन्दा माथि पुग्ने सम्भावना छ, जसले सगरमाथा क्षेत्रका हिमालहरू संरक्षणमा ठूलै मूल्य चुकाउनुपर्ने थापाको भनाइ छ। हिमालहरू पग्लिएर गइरहेका छन्।

### सामूहिक कदमको आवश्यकता

सगरमाथा क्षेत्रको पर्यावरणीय र सामाजिक समस्याको समाधानका लागि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सामूहिक प्रयास गर्न आवश्यक छ। जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्न शक्ति राष्ट्रहरुले आफ्नो जिम्मेवारी वहन गर्नुपर्छ। "यदि विश्वव्यापी तापक्रम वृद्धिमा रोक लागेन भने सगरमाथाका हिमनदीहरू केही दशकमै समाप्त हुनेछन्," डा. थापाले चेतावनी दिनुभयो। जलवायु परिवर्तनले महिलाहरुको स्वास्थ्य र जनजीवनमा परेको असरले यो क्षेत्रका चुनौतीहरुको व्यापक अध्ययन र समाधानको खाँचो देखाएको छ। हिमाली क्षेत्रका महिलाहरुको स्वास्थ्य सुरक्षाका लागि थप अनुसन्धान, स्वास्थ्य सेवा विस्तार र जलवायु परिवर्तन न्यूनीकरणमा ठोस कदम चाल्नु अपरिहार्य छ।



# तराईमा हुस्सु र शितलहरसँगै चिसो बढ्यो



पूर्वी तराईका विभिन्न जिल्लामा हुस्सु र शितलहरसँगै मंगलबार बिहानैदेखि चिसो बढेको छ । दिउँसोको समयमा विगत एक सातादेखि मधुरो घाम लाग्दै आएको छ भने अहिले बिहानैदेखि हुस्सु लागेको हो ।

पूर्वी तराईमा घाम लाग्न छाडेपछि शितलहर शुरु हुने गर्दछ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार तापक्रम घट्दै जाने भएकाले चिसो थप बढ्ने छ । महाशाखाका अनुसार देशका मध्य, मध्यपश्चिम र पूर्वी तराई–मधेशका जिल्लामा हुस्सु तथा कुहिरो लाग्न थालेको छ ।

चिसोले बिहान आवतजावत गर्ने विशेषगरी विद्यार्थी, मजदुर, बालबालिका, गरिब असाह्य, ज्येष्ठ नागरिक बढी प्रभावित भएका छन् । चिसोले बिहान स्थानीय घरबाहिर निस्कन सकेका छैनन् । बिहानै खुल्ने पसल र बजार पनि चिसो बढेकाले ढिलो गरी खुलिरहेका सुन्दरहरैँचा उद्योग वाणिज्य सङ्घका अध्यक्ष नारायण कार्कीले जानकारी दिए ।

उनले साँझपख पनि चिसो झनै बढ्न थालेपछि बजार चाँडै सुनसान हुन थालेको उल्लेख गरे । यहाँ न्यानो कपडाका पसल तथा सकडपेटीका पसलमा ग्राहकको भीड बढेको छ । सडकपेटीमा लुगा पाउने गरेकाले ग्राहकको भीड लाग्न थालेका छन् । कठङ्याङ्ग्रिदो चिसोसँगै हुस्सु लाग्दा सवारीसाधन चलाउन पनि समस्या भएको सवारी चालक सुन्दरहरैँचाका अशोक रिजाल बताउँछन् । उनले भने, 'सवारी साधन कम गतिमा बत्ती बालेर गुड्नुपरेको छ, हुस्सुले दुर्घटनाको जोखिम हुन्छ, त्यसैले सावधानीपूर्वक सवारी चलाउने गर्छौं ।'

चिसोकै कारण बिरामीसमेत बढेका छन् । चिसोसँगै दम, निमोनिया, रुघाखोकी, ज्वरोलगायत रोगका बिरामी बढेका हुन् । जिल्ला अस्पतालमा बालबालिका, वृद्धवृद्धा, मुटु, मिर्गौला, फोक्सो, मधुमेह तथा अन्य दीर्घरोगी चिसोले गर्दा बढेका छन् ।

बाक्लो हुस्सु लागेपछि जिल्ला सदरमुकाम विराटनगर आउने हवाई उडान खराब मौसमका कारण सेवा प्रभावित हुन थालेको छ ।

## बाक्लो हुस्सुले उडान प्रभावित

तराई भेगका अधिकांश विमानस्थलमा बाक्लो हुस्सु लागेका कारण नागरिक उड्डयन क्षेत्र प्रभावित भएको छ । विराटनगर विमानस्थल बन्द छ भने जनकपुर विमानस्थल अबेर खुलेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार तराई क्षेत्रका अधिकांश विमानस्थलको उडान प्रभावित भएको छ । केही विमानस्थलको उडान नै स्थगित गर्नुपरेको छभने कतिपय विमानस्थल ढिलो खुलेकाले उडान तालिका प्रभावित भएको छ । भद्रपुर, भरतपुर, पोखरा भैरहवा, नेपालगंज र धनगढी विमानस्थल अपराह्नपख मात्र खुलेका हुन् ।

प्रतिकूल मौसमका कारण विराटनगर विमानस्थलमा सोमबार पनि कुनै उडान हुन सकेनन् ।

'बाक्लो हुस्सुले भिजिबिलिटी कमजोर हुँदा तराई क्षेत्रका विमानस्थलमा उडान प्रभावित भएको छ,' प्रवक्ता शेर्पाले भने । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भने आन्तरिक र बाह्य उडान नियमित रूपमा सञ्चालन भइरहेका छन् । यसैबीच, जल तथा मौसम विज्ञान विभागले देशभर पश्चिमी वायुको प्रभाव रहेको तथा कोशी प्रदेशका पहाडी भू–भागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सफा रहेको जनाएको छ ।

**चिसोको कहरले जनजीवन प्रभावित**

लगातार चिसो सिरेटोसँगै चारैतिर बाक्लो हुस्सुले डम्म ढाकेपछि मधेशका विभिन्न जिल्लामा जाडो निकै बढेको छ । मङ्सिर अन्तिम साताको प्रारम्भसँगै मौसम चिसिँदै गएपछि जनजीवन कष्टकर बन्दै गएको हो । 'गहुँ छर्ने अन्तिम तयारी गर्नुछ, अब उखु कटानको धमाधम पर्छ, हिउँदेबाली लगाउन भ्याइनभ्याइ पर्ने बेला घरबाट निस्कन सकिएको छैन,' महोत्तर, बर्दिबास–१३ का किसान ठकाइ महतो भन्छन्, 'पुस नलाग्दै बढेको चिसोले काम सबै अलपत्र छ ।' चिसोले कठ्याङ्ग्रिएर कुनै काममा हात नलाग्दा समयमा खेतीपातीका काम नसकिने चिन्ताले किसानलाई पिरोलेको छ । महोत्तरीसहितका मधेशका जिल्लामा पूर्व–पश्चिम राजमार्गभन्दा तलतिर हुस्सु र चिसोको कहर बढी छ । पुस पहिलो सातापछि बढ्ने हुस्सु केही वर्षयता मध्य मङ्सिरदेखि नै डम्म लाग्ने गरेको जलेश्वर–५ किसान रहिमन मण्डल बताउँछन् । मधेश गर्मी अलि बढी हुने ठाउँ भए पनि जाडो यतिसारो पहिले नभोगिएको मण्डलको अनुभव छ । उत्तरी क्षेत्रमा बिहान १० बजेतिर हुस्सु फाट्दै गएर घाम देखिए पनि दक्षिणतर्फ मध्य र सुदूरदक्षिणी भेगमा अपरान्हसम्म दिन हो कि रात छुट्याउन नसकिने सर्वसाधारण बताउँछन् । अपरान्हपछि हुस्सु हट्दै गए पनि कतिपय दिन घामै नदेखिएर साँझ पर्ने गरेको जलेश्वर–२ की शिला यादव बताउँछिन् ।

मङ्सिरभित्रै बढेको चिसोले घरपालुवा पशुवस्तुको बिजोग बन्दैछ । पशुवस्तुको आहाराको जोहो र चरनमा लैजान नपाइँदा समस्या भएको भङ्गाहा–४ रामनगरकी भैसीपालक किसान हिरादेवी दाहालको भनाइ छ । धेरै बढेको चिसोले पशुवस्तु जिङ्ग्राउने र बिरामी हुने क्रम बढेको दाहालले बताइन् । यसैगरी बढ्दो जाडोले व्यापार पनि चौपट भएको व्यापारी बताउँछन् । अहिले मङ्सिर नसकिँदै चिसोले घर बाहिर निस्कन नदिएपछि पुस, माघ कस्तो होला भन्ने सम्झनाले नै अत्यास लाग्ने गरेको सर्वसाधारणको भनाइ छ । अहिलेको जाडोको कहरले ससाना नानी, पाका उमेरका वृद्धवृद्धा, गर्भवती र सुत्केरी महिलालाई स्वास्थ्य जोखिम बढ्दो छ ।

खासगरी श्वासप्रश्वासका बिरामीलाई यो मौसमले बढी च्याप्ने हुँदा स्याहारमा ध्यान दिनुपर्ने बर्दिबास अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. सुदिप ठाकुर बताउँछन् । चिसिँदो मौसमले गरिब बस्ती कष्टकर अवस्थामा पुगेका छन् । चिसोले जनजीवन कष्टकर बनाउन थालेपछि गरिब र दलित बस्तीमा तत्काल आगो बाल्न काठका सुकेका मुडा, खानपिनका सामग्री र न्यानो लुगाको सहयोग जुटाउने कार्यमा पहलकदमी लिन स्थानीय तहसँग सामाजिक सङ्घ संस्थाले आग्रह गरेका छन् ।

यसैगरी, जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णले जिल्लाका १५ वटै स्थानीय तह र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग चिसोबाट बर्सेनि हुँदै आएको जनधनको क्षति यसपाली हुन नदिन पूर्व सतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेका छन् ।

# डिएपी मल अभाव

*धनुषामा ३३ हजार पाँचसय हेक्टर जमिनमा गहुँ खेती हुँदा एक लाख पाँच सय मेट्रिकटन गहुँ उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्र धनुषाले जनाएको छ ।*




**जनकपुरधाम ।**
धनुषा र महोत्तरी जिल्लामा गहुँखेतीका लागि डिएपी मल अभाव भएको छ । कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट टे«डिङ् कर्पोरेशन लिमिटेड जनकपुरधामको कार्यालयमा मौज्दात डिएपी मल खपत भइसकेको छ ।

दुवै कार्यालयबाट पहिलो चरणमा प्राप्त डिएपी मल बिक्री भइसकेको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरका निमित्त प्रमुख बेचनकुमार साहले जानकारी दिए । पहिलो चरणमा धनुषामा सात सय ५४ मेट्रिकटन तथा महोत्तरीमा सात सय १६ मेट्रिकटन डिएपी मल बिक्री भइसकेको छ । कृषि ज्ञान केन्द्र र स्थानीय तहको सिफारिसमा मल सहकारी संस्थाहरूमार्फत किसानलाई बिक्री गरिसकेको निमित्त प्रमुख साहले बताए ।

हाल यी दुई जिल्लामा गहुँखेतीका लागि थप पाँच हजार मेट्रिकटन डिएपी मल आवश्यक रहेको जनाइएको छ । थप डिएपी मल माग गरिए पनि प्राप्त नभएको प्रमुख साहले बताए । अन्तर्राष्ट्रियस्तरमा डलरको मूल्य बढेकाले ठेकेदार कम्पनीले ढुवानी गर्न नसक्दा मल अभाव भएको उनको भनाइ छ ।

साल्ट ट्रेडिङ कर्पोरेशन जनकपुरमा पनि डिएपी मल मौज्दात नरहेको कार्यालय प्रमुख शुभनारायण साहले जानकारी दिए । उनले भने, 'हामीसँग युरिया मल मौज्दात छ, तर डिएपी छैन ।' ती दुवै जिल्लाका किसानलाई कृषि सामग्री कम्पनी लिमिटेडले ७० प्रतिशत र साल्ट टे«डिङ कर्पोरेशनले ३० प्रतिशत मल बिक्री वितरण गर्दै आएको छ ।

धनुषामा ३३ हजार पाँचसय हेक्टर जमिनमा गहुँ खेती हुँदै आएको छ । एक लाख पाँच सय मेट्रिकटन गहुँ उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्र धनुषाका सूचना अधिकारी प्रदीप यादवले बताए ।

# शितलहर पीडितलाई विशेष आर्थिक प्याकेज माग

आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले तराई–मधेशमा शितलहर र देशभरि चिसोबाट कठ्यांङग्रिएर जनता मर्ने अवस्था आएको भन्दै उनीहरुलाई बचाउनको लागि सरकारले तत्काल कदम चाल्नुपर्ने बताएका छन् । मंगलबार भिडिओ सन्देश जारी गर्दै साहले शितलहर शुरू भएको र तराई–मधेशका जनता प्रभावित हुन थालेको भन्दै सरकारले पूर्वतयारी नगरेकोमा आक्रोश पोखे ।

उनले भने, 'अहिले तराईमा शितलहर शुरु भएको छ, आम जनजीवन कष्टकर बन्दैछ । विगत वर्षहरुमा झैँ अहिले पनि मान्छे चिसोले कठ्यांग्रिएर मर्ने, स्वास्थ्य समस्या बढ्ने, पशु चौपाया प्रभावित हुने, बालीनाली नष्ट हुने, कृषि उत्पादन घट्ने, व्यापार–व्यवसाय पनि प्रभावित हुने, हुस्सुको कारण सवारी दुर्घटनासमेत बढ्ने अनि घरबारविहीन झनै प्रभावित हुने अवस्था छ, कैदीबन्दीको पनि जीवन सकसपूर्ण हुने अवस्था छ । यस्तो पीडादायी अवस्थामा सरकारका तर्फबाट पूर्वतयारीको काम केही भएको देखिएन । म सरकारको नेतृत्वमा भएकाहरुसँग सोध्न चाहन्छु, तपाईंहरुसँग मानवीय संवेदना छ कि छैन् ? यदि छ भने त्यसको पूर्वतयारीसम्बन्धी के काम गर्नुभयो ? बिरामीको निधन भएपछि डाक्टरको के काम ? यदि तपाईंहरुमा थोरै पनि जवाफदेहिता छ भने शितलहर प्रभावित क्षेत्रलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नुहोस् ।'




उनले चिसोबाट नागरिक बचाउन सरकारलाई विशेष आर्थिक प्याकेज ल्याउन अपिल गरे । उनले भनेका छन्, 'यसका लागि विशेष आर्थिक प्याकेज ल्याउनुहोस् । जनता बचाउन न्यानो कार्यक्रम ल्याउनुहोस् । लत्ता–कपडाको व्यवस्था गर्नुहोस्, निःशुल्क दाउरा व्यवस्था गर्नुहोस् । दैनिक, रोजिरोटी गर्न समस्या भएकालाई राहत व्यवस्था गर्नुहोस् । छानो नभएकालाई जाडोमा सेल्टरमा राख्नुहोस् । कैदीबन्दीलाई पनि चिसोबाट बचाउन उचित व्यवस्था गरियोस् । सरकारले यो शितलहरबाट जनता बचाउने काम गरेन भने जनता चुप लागेर बस्दैनन् ।'

# गौहत्या आरोपीविरुद्ध पक्राउ आदेश जारी

**मधेशदृष्टि**
**रामेछाप ।**
हिन्दु धर्ममा गाईलाई पवित्र र पूजनीय मानिन्छ । गाई मार्नु ठूलो पाप मानिन्छ र यसलाई कानूनी दृष्टिकोणले पनि गम्भीर अपराध मानिन्छ । नेपाल सरकारले गाईको हत्या गर्ने व्यक्तिलाई कडा सजाय व्यवस्था गरेको छ । यद्यपि, केही व्यक्तिले यस धार्मिक र कानूनी परम्परालाई उल्लंघन गर्दै गाई हत्या गरेका छन्, जसका कारण उनीहरूविरुद्ध कानूनी कारबाही शुरु भएको छ ।

रामेछाप, बेथान वडा नम्बर १ का राजेन्द्र लामा, हितबहादुर लामा, मिलन तामाङ र सानुकाजी सार्कीले गाई मारेको आरोपमा पक्राउ पूर्जी जारी भएको छ । सरकारले गाई हत्या गर्ने गतिविधि निवारण गर्न प्रतिबन्ध लगाएको छ र यस कार्यमा संलग्न व्यक्तिलाई कडा कारबाही व्यवस्था पनि छ । घटनामा संलग्न चार जनाविरुद्ध अदालतबाट वारेन्ट जारी गरेको छ । वारेन्ट जारी भएपछि, नेपाल प्रहरीलाई ती व्यक्तिहरूलाई पक्राउ गर्न आदेश दिइएको छ । अहिले चारै जना फरार छन् र प्रहरी उनीहरूको खोजीमा जुटेको छ । नेपालका विभिन्न स्थानमा गाई हत्या गर्ने घटनाले समाजमा असन्तोष र असमझदारी उत्पन्न गरेका छन् । यस घटनाले धार्मिक भावना र कानूनी व्यवस्थासँग सम्बन्धित गम्भीर प्रश्न उठाएको छ । गाईलाई पवित्र मान्ने हिन्दूधर्मका अनुयायीले यो घटना अत्यन्तै निन्दनीय मानिरहेका छन् र यसलाई अन्त्य गर्न कडा कदम उठाउन सरकारसँग आग्रह गरेका छन् ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्
बिहान ५ बजे नै पिडिएफ उपलब्ध
PDF
मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन